"बालबालिकामा लगानी: सुनिश्चित भविष्यको थालनी"

# बालबालिका सम्बन्धी स्थानीय स्थिति प्रतिवेदन २०८२



रास्कोट नगरपालिका

## स्थानीय बाल अधिकार समिति

कालिकोट

कर्णाली प्रदेश, नेपाल






*"बालबालिकामा लगानी: सुनिश्चित भविष्यको थालनी"*

# बालबालिका सम्बन्धी स्थानीय स्थिति प्रतिवेदन
# २०८२

रास्कोट नगरपालिका

स्थानीय बाल अधिकार समिति

कालीकोट

कर्णाली प्रदेश, नेपाल

**संरक्षक:**

नगरपालिका प्रमुखः श्री धर्मराज शाही (पोषण)

नगरपालिका उपप्रमुखः श्री मनिराज वराल

प्रमुख प्रशासकीय अधिकृतः श्री महेश अधिकारी

**सल्लाहकार:**

श्री केशव चालिसे, युनिसेफ नेपाल

**लेखन तथा सम्पादन:**

श्री सरस्वती वली

श्री राजु कुमारी शाही

**प्रकाशन प्रतिः** ५०

**प्रकाशन मितिः** २०८३

**आर्थिक तथा प्राविधिक सहयोगः** युनिसेफ नेपाल


**प्रकाशक:**

रास्कोट नगरपालिका

स्थानीय बाल अधिकार समिति

कालीकोट



# रास्कोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

आर.सि.पी. कालीकोट

कर्णाली प्रदेश, नेपाल

२०७३

www.raskotmun.gov.np

Email:ito.raskotmun@gmail.com

☎ : 16608744044


## शुभकामना

बालबालिका भविष्यका कर्णधार मात्रै होइन वर्तमानका साझेदार पनि हुन भन्ने मान्यताका साथ सङ्घ, प्रदेश र स्थानीय सरकार बालबालिकाको अधिकार तथा हकहितलाई सुनिश्चित गर्न क्रियाशील रहेको छ । बालबालिकाको जन्मजात पाउनु पर्ने हक, अधिकारलाई आफ्नो दायित्व तिनै तहका सरकारले नीतिगत रुपमा बाल अधिकार संरक्षणको विषयलाई आगाडि बढाइ रहेको स्थितिमा हाम्रो रास्कोट नगरपालिकाले पनि बालबालिकाको विषयमा संवेदनशील भएर विभिन्न नीति तथा कार्यविधि जारी गरी कार्यान्वयन गरिरहेको छ ।जस मध्ये **बालबालिकाको हक अधिकार संरक्षण तथा प्रवर्द्धन कार्यविधि २०७८** जारी गरी रास्कोट नगरपालिकालाई बालअधिकार प्रवर्द्धनमा जोड गर्ने सकारात्मक प्रयास गरेको छ । यद्यपि बाल संरक्षणका सवालहरू बालविवाह, संरक्षणको समस्यामा रहेका बालबालिका, लागू औषध दुर्व्यसनी, बाल दुर्व्यवहार, कुपोषण, बाल यौनजन्य हिंसा, विद्यालय छाड्ने लगायतका समस्याहरू र यि समस्याहरूको न्यूनिकरण गर्न रास्कोट नगरपालिकामा स्थानीय बाल अधिकार समितिले आफ्नो काम कर्तव्य र अधिकार अनुसार बाल संरक्षण तथा प्रवर्द्धन गर्दै आएको छ। बाल केन्द्रित र बालमैत्री क्रियाकलाप संचालन गरी रास्कोटका सबै वडाहरु बाल श्रम मुक्त वडा घोषण पनि भईसकेको छ र यस्तै गरी २० प्रतिशत भन्दा कम बाल बिवाह भएको वडाहरुलाई बाल विवाह निषेधित वडा २ वटा घोषणा गरेका छौं र बाकी वडाहरु पनी घोषणा गर्ने हामीले तयारी गरेका छौं । बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागिता जस्ता बाल अधिकारका सवालहरुलाई स्थानीय तहको नीति, योजना, संरचना, प्रणाली र कार्य प्रक्रियामा संस्थागत गर्ने शासकीय पद्धति हो जसलाई स्थानीय तहमा संस्थागत गर्न बालमैत्री स्थानीय शासनले सहयोग गरेको अवस्थामा रास्कोट नगरपालिकामा बालमैत्री नगरपालिकाको रुपमा स्थापित गर्न यस प्रतिवेदनले विगत र वर्तमानको अवस्था र भबिष्यको आँकलन सहितको सूचकहरुको मापन गर्न सहज हुनेछ भन्ने आशा लिएको छु ।यसै अनुरूप रास्कोट नगरपालिका भित्रका बालबालिकाको अवस्था झल्कने गरी स्थिति प्रतिवेदन प्रकाशन गर्न लागेको र यसले यस नगरपालिकामा बालबालिकाको विषयमा केन्द्रित रही प्रभावकारी कार्य सञ्चालनमा मदत पुर्याउने कुरामा मैले विश्वास लिएको छु। यस कार्यमा अहोरात्र खट्ने हाम्रो स्थानीय बालअधिकार समिति, वडा बाल अधिकार समिति, शिक्षा शाखा, स्वास्थ्य शाखा, सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा, महिला तथा बालबालिका शाखा र यस कार्यमा संलग्न अन्य सम्पूर्ण कर्मचारीहरू एवं बालअधिकार प्रवर्द्धन कार्यमा प्रत्यक्ष, अप्रत्यक्ष सहयोग गर्नुहुने विकास साझेदार तथा सङ्घ संस्थाहरूलाई विशेष धन्यवाद सहित यस कार्यले बालबालिकाको विषयमा गति लिने विश्वासका साथ हार्दिक शुभकामना व्यक्त गर्दछु । धन्यवाद ।

**धर्मराज शाही (पोषण)**

**नगर प्रमुख, रास्कोट नगरपालिका**

# रास्कोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

आर.सि.पी, कालीकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

www.raskotmun.gov.np
Email:ito.raskotmun@gmail.com
☎ : 16608744044


## शुभकामना

बालअधिकारको विषयलाई व्यवहारिक हिसाबले प्रभावकारी रुपमा कार्यान्वयन गर्न बालबालिकाको वास्तविक अवस्था झल्कने गरि रास्कोट नगरपालिकाले बालबालिकाको स्थिति प्रतिवेदन प्रकाशन गरेकोमा असाध्यै खुसी लागेको छ । यसले हाम्रो रास्कोट नगरपालिकामा बालबालिकाको समग्र अवस्थाको सही तरिकाले प्रस्तुत गरि आगामी दिनहरूमा गति प्रदान गर्न मद्दत पुर्याउने कुरामा मैले विश्वास लिएको छु । समाज बदल्नु छ भने बालबालिकामा लगानी गर्न आवश्यक छ भन्ने मान्यताका साथ रास्कोट नगरपालिकाले बालबालिकाको हक अधिकार संरक्षणको क्षेत्रमा स्थानीय सरकारको स्थापना देखि बालबालिकालाई प्राथमिकताको विषयमा राखेर विभिन्न नीति, कार्यक्रम र यसको व्यवहारिक कार्यान्वयनको कुरालाई जोडतोडले लागेको कुरा अवगतै छ । यस कार्यमा रास्कोट नगरपालिकाको नीति निर्देशन भित्र रही बालबालिकाको क्षेत्रमा काम गर्ने विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरूले पनि रास्कोट नगरपालिका भित्रका बालबालिकाहरुको क्षेत्रमा सहयोग पुग्ने गरि कार्यक्रम सम्पादन गरेको र आगामी दिनमा सहकार्य हुने कुरामा विश्वस्त छु ।

साथै रास्कोट नगरपालिकाले बालबालिकाको क्षेत्रमा काम गर्न सहजता हुने गरि स्थिति प्रतिवेदन प्रकाशन गर्न लागेकामा यस कार्यमा खट्नु हुने स्थानीय बालअधिकार समिति, वडा बाल अधिकार समिति, शिक्षा शाखा, स्वास्थ्य शाखा, सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा, महिला बालबालिका शाखा र यस कार्यमा संलग्न अन्य सम्पूर्ण कर्मचारीहरू एवं बालअधिकार प्रवर्द्धन कार्यमा प्रत्यक्ष, अप्रत्यक्ष सहयोग गर्नुहुने विकास साझेदार तथा सङ्घ संस्थाहरूलाई सबैलाई विशेष धन्यवाद व्यक्त गर्दछु । स्थिति प्रतिवेदन प्रकाशनले बाल अधिकारको प्रवर्द्धनको कार्यमा ईंटा थप्ने छ भन्ने कुराको विश्वास गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछु ।
धन्यवाद !

मनिराज बराल
नगर उपप्रमुख,
रास्कोट नगरपालिका
एवम् संयोजक, स्थानीय बाल अधिकार समिति

# रास्कोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

आर.सि.पी. कालीकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

www.raskotmun.gov.np
Email:ito.raskotmun@gmail.com
☎ : 16608744044


---

## शुभकामना

बाल अधिकार संरक्षण र प्रवर्द्धनका रुपमा बालबालिका सम्बन्धी ऐन २०७५ ले तिन तहका संरचनाको स्पष्टता गरेको र सङ्घमा राष्ट्रिय बाल अधिकार परिषद, प्रदेशमा प्रदेश बाल अधिकार समिति र स्थानीय तहमा स्थानीय बाल अधिकार समितिको संरचनाको नीतिगत स्पष्टता गरेको छ । बालबालिका सम्बन्धी ऐनको सहजताका लागि बालवालिका सम्वन्धी नियमावली, २०७८ पारित भई कार्यान्वयनमा रहेको स्थितिमा रास्कोट नगरपालिकाले पनि वालवालिका सम्वन्धी ऐनलाई आधार बनाई पालिकामा कार्यविधि तथा नियमहरु पारित गरि कार्यान्वयनमा रहेका छन् ।वालवालिकाको जन्मजात पाउनु पर्ने अधिकार तथा हकलाई आफ्नो दायित्व तिनै तहका सरकारले नितिगत रुपमा बाल अधिकार संरक्षणको विषयलाई अगाडि बढाई रहेको स्थितिमा हाम्रो रास्कोट नगरपालिकाले पनि वालवालिकाको विषयमा संबेदनशील भएर निर्मित कानुन कार्यान्वयनको कुरालाई जोड गरिरहेको छ । जस मध्ये बालबालिकाको हकअधिकार संरक्षण प्रवर्द्धन तथा प्रवर्द्धन कार्यविधि,२०७८ जारी गरि रास्कोट नगरपालिकालाई बालअधिकार प्रवर्द्धनमा जोड गर्ने सकारात्मक प्रयास गरेको छ ।यद्यपि वाल संरक्षणका सवालहरूमा बालबालिकालाई दिगो प्रभाव पार्ने कार्यमा योजना बनाई जोड गरेको छ ।

यसै अनुरूप रास्कोट नगरपालिका भित्रका बालबालिकाको अवस्था झल्कने गरि स्थिति प्रतिवेदन प्रकाशन गर्न लागेको र यसले पालिकामा बालबालिकाको विषयमा केन्द्रीकृत रही प्रभावकारी कार्य सञ्चालनमा मदत पुर्याउने कुरामा मैले विश्वास लिएको छु ।यस कार्यमा अहोरात्र खट्ने स्थानीय बालअधिकार समिति, वडा बाल अधिकार समिति, शिक्षा शाखा, स्वास्थ्य शाखा, सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा, महिला बालबालिका शाखा र यस कार्यमा संलग्न अन्य सम्पूर्ण कर्मचारीहरू एवं बालअधिकार प्रवर्द्धन कार्यमा प्रत्यक्ष, अप्रत्यक्ष सहयोग गर्नुहुने विकास साझेदार तथा सङ्घ संस्थाहरूलाई विशेष धन्यवाद सहित यस कार्यले बालबालिकाको विषयमा गति लिने विश्वासका साथ हार्दिक शुभकामना व्यक्त गर्दछु । धन्यवाद !

**महेश अधिकारी**
**प्रमुख प्रशासकीय अधिकृत**
**रास्कोट नगरपालिका**

## प्राक्कथन

बालअधिकार संरक्षण तथा प्रवर्द्धन गर्न सरकारका तिनै तहका संयन्त्रहरू क्रियाशील रही नीतिगत रुपमा स्पष्ट गरेका कानुनी व्यवस्थालाई सहकार्य र सहजीकरण गर्न गराउनका लागि बालबालिका सम्बन्धी ऐन, २०७५ ले पनि स्पष्ट गरेको छ । साथै बालबालिका सबन्धी नियमावली २०७८ को नियम ९१ को ९३। मा स्थानीय बाल अधिकार समितिले सम्बन्धित स्थानीय तहमा बालबालिका तथा बाल अधिकारको अवस्था समेट्ने गरि बालवालिका सम्बन्धी स्थानीय प्रतिवेदन सम्बन्धित नगरकार्यपालिकाको स्वीकृत लिई प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३० दिनभित्र सार्वजनिक गर्नु पर्ने छ भन्ने कुरा स्पष्ट गरेको छ । कानुनी कुरा व्यवहारिक रुपमा प्रयोगका लागि रास्कोट नगरपालिकाले ४ वटा बालबालिका सम्बन्धी कानुन तथा कार्यविधि पारित गरि कार्यान्वयनको अवस्थामा रहेको अवस्थामा पालिकामा बालबालिकाको वास्तविक अवस्था पहिचान गरि समाधानको दिशातिर जाने प्रयास गरेको छ ।रास्कोट नगरपालिकाले २०८० साल देखि कार्यविधिमा आधारित रहि बालबालिकाको सवालहरूमा केन्द्रीकृत रुपमा बालबालिकाको हक अधिकार संरक्षणका लागि सकारात्मक गतिविधि सञ्चालन गर्दै आएको र यस प्रतिवेदनमा पनि पालिकाले गरेका गतिविधिहरू समेट्ने प्रयास गरिएको छ । प्रतिवेदन पहिलो पटक प्रकाशित हुन लागेकोले आर्थिक वर्ष २०८०/०८१ देखि हालसम्मको बालबालिकाको क्षेत्रमा भएका कार्यहरु उल्लेख गरिएको छ । जसमा नगरपालिका भित्रका बालबालिका सम्बन्धी बनेका कानुन तथा कार्यविधि, बालअधिकारको क्षेत्रमा काम गर्ने संयन्त्रहरुको अवस्था, पालिकाले बालबालिकाको क्षेत्रमा गरेको लगानी एवं बालबालिका केन्द्रित गतिविधि, बालअधिकार संरक्षणका विषयहरू, बालबालिकाको शिक्षामा पहुँच, बाल सहभागिताको अवस्था लगायतका विषयहरू यस प्रतिवेदनमा उल्लेख गर्ने प्रयास गरिएको छ ।यस प्रतिवेदनमा बालबालिकाको वास्तविक अवस्था झल्कने गरि टेबल, ग्राफ एवं अनुसूची मार्फत अवस्था विश्लेषण गर्ने प्रयास गरिएको छ । जसमा बालबालिकाको उमेरगत अवस्थालाई ग्राफबाट चित्रण गरिएको छ भने ४३ वटा तालिका र २ वटा ग्राफमा विवरणात्मक विश्लेषण रहेको छ । साथै अनुसूची १ र २ मा बालबालिका सम्बन्धी संयन्त्रको विषयमा उल्लेख गर्ने प्रयास भएको र यस कार्यले बालबालिका सँग सम्बन्धित रहेर अध्ययन अनुसन्धान गरेर काम गर्न पालिका, विकास साझेदार लगायत सम्बन्धित सरोकारवालाहरूलाई प्रतिवेदन उपयोगी हुने विश्वास लिएको छु।बाल अधिकार सबैको सरोकारको विषय बने मात्र हाम्रो समाज दीर्घकालीन रुपमा विकासको गति लिन सक्छ भन्ने कुरालाई आत्मसाथ गर्दै रास्कोट नगरपालिकाले बालबालिकालाई प्राथमिकताको विषयमा राखेर अगाडि बढिरहेको कुरा सकारात्मक रुपमा लिन सकिन्छ । बालबालिकाको स्थितिपत्र प्रकाशन गर्ने कार्यमा सहयोग गर्नुहुने नगर प्रमुख ज्यू, उपप्रमुख ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, स्थानीय बाल अधिकार समिति, सम्पूर्ण वडा बालअधिकार समिति, विषयगत शाखा, कर्मचारी, बालबालिकाको क्षेत्रमा काम गर्ने साझेदार तथा सङ्घ संस्थाहरूलाई विशेष धन्यवाद दिन चाहन्छु ।साथै हाम्रा बालबालिकाको उत्तरोत्तर प्रगतिको एवं उज्जवल भविष्यको शुभकामना व्यक्त गर्दछु ।


.......
**राजु कुमारी शाही**
**बालकल्याण बधिकारी**

.......
**सरस्वती वली**
**महिला विकास निरिक्षक**

## विषय-सूची


**प्रतिवेदनको सारसंक्षेप**

**परिच्छेद १**

**स्थानीय तहको परिचय** १

१.१ नगरपालिकाको परिचय १

१.२ रास्कोट नगरपालिकाको ऐतिहासिक चिनारी तथा नामकरण १

१.३ राजनीतिक अवस्थिति १

१.४ भू-उपयोगको अवस्था २

१.५ सास्कृतिक उत्कृष्टता २

**परिच्छेद २**

**बाल अधिकार सम्बन्धी नीतिगत तथा कानूनी व्यवस्था** ३

२.१. पृष्ठभुमिः ३

२.२ वाल अधिकार सम्वन्धी अन्तराष्ट्रिय प्रतिवद्धता ३

२.३ वालवालिका सम्वन्धी प्रत्यक्ष सरोकार राख्ने राष्ट्रिय कानुन तथा नीतिहरु ३

२.४ संघ प्रदेश र स्थानीय तहका कानूनी तथा नीतिगत व्यवस्था ४

२.५ वालवालिकाको तथ्याङ्क ८

२.६ वालवालिकाको प्रक्षेपित जनसंख्या १०

२.७ वाल संरक्षण संयन्त्रको अवस्था ११

२.८ बालवालिका सम्वन्धी आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम र वजेट वक्तव्यमा भएका व्यवस्था १५

**परिच्छेद ३**

**बालबालिकाको बाँच्न पाउने अधिकार** १८

३.१. पृष्ठभुमिः १८

३.२ खोप १८

३.३ बाल मृत्युदर १९

२.४ बाल पोषणको अवस्था २०

३.५ मातृ मृत्युदरको अवस्था २१

३.६ मानसिक स्वास्थ्य र आत्महत्याको अवस्था २२

३.७ संक्रामक तथा नसर्ने रोग र बालबालिका २३

**परिच्छेद ४**

**बालबालिंकाको संरक्षणको अधिकार** २४

४.१. पृष्ठभुमि २४
४.२ वालबालिकाको पहिचान तथा जन्मदर्ताको अधिकार २४
४.३ अपाङ्गता भएका वालवालिका २६
४.४ बालशोषणको अवस्था २९
४.५ लागू पदार्थ दुर्व्यशनी तथा ओसारपसार २९
४.६ बालश्रमको अवस्था ३०
४.७ बालबालिकाको अपहरण, वेचविखन तथा ओसारपसार ३१
४.८ वालबालिका विरुद्धको हिंसा तथा दुर्व्यवहार ३२
४.९ बालबालिका विरुद्धको हिंसा ३२
४.१० बालबालिका विरुद्धको डिजिटल हिंसा ३३
४.११ यौनहिंसा र दुर्व्यवहार ३३
४.१२ बालविवाह ३४
४.१३ कानूनी विवादमा परेका बालबालिका ३७
४.१४ विशेष संरक्षणको आवश्यकता भएका वालवालिका ३७
४.१५ अनाथ बालबालिका ३७
४.१६ बालबालिकाको बसाइको अवस्था ३८
४.१७ घरमूली बालबालिका ३९
४.१८ बालगृहमा पठाईएका बालबालिका ४०
४.१९ पारिवारिक सहायता र सामाजिक सुरक्षा ४०

**परिच्छेद ५**

**बालबालिकाको शिक्षा तथा विकास सम्बन्धी अधिकार** ४२
५.१ पृष्ठभूमी ४२
५.२ प्रारम्भिक बाल विकास केन्द्र र बालबालिका ४२
५.३ विद्यालय, विद्यार्थी, शिक्षक र भर्नादर ४४
५.४ विद्यालय शिक्षामा दलित, जनजाति र अपाङ्गता भएका वालबालिका ४६
५.५ नियमित विद्यालय जाने बालबालिका र टिकाउ दर ४६
५.६ सामुदायिक अध्ययन केन्द्र ४७
५.७ माध्यमिक शिक्षा परीक्षा ४७

**परिच्छेद ६**

**बालबालिकाको सहभागिता, संगठन तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार** ४९
६.१ पृष्ठभूमी ४९
६.२ स्थानीय तहको योजना तर्जुमामा बाल सहभागिता ४९
६.३ वालक्लव र वालक्लव सञ्जाल ५०
६.४ वालमैत्री स्थानीय शासन ५१
६.५ खेलकुद र वालबालिका ५२

**परिच्छेद ७**

**जोखिम तथा विपदबाट प्रभावित बालबालिकाको संरक्षण** ५३
७.१ सहयोग वितरणः ५३
७.२ बाल संरक्षण घटना व्यवस्थान सूचना प्रणालीको प्रयोग ५३

**परिच्छेद ८**

**निष्कर्ष**
८.१ मुख्य उपलब्धी ५४
८.२ समस्या र चुनौति ५५
८.३ आगामी योजना ५६
अनुसूचीहरु ५७

**प्रतिवेदनको सारसंक्षेपः**

१. संयुक्त राष्ट्र संघको बाल अधिकार महासन्धि, १९८९ लाई नेपालले २०४७ साल भदौ २९ गते (१४, सेप्टेम्वर १९९०) अनुमोदन गरी नेपालमा बाल अधिकार सुनिश्चिताका लागि प्रतिवद्धता जनाएको छ ।
२. बालबालिकाको बाल अधिकार संरक्षण, तथा प्रवर्द्धन कार्यविधि २०७८, बाल गुनासो प्रणाली सञ्चालन कार्यविधि २०८०, बाल कोष संचालन निर्देशिका २०८० लगायतका कार्यविधिहरु कार्यान्वयनमा रहेका छन ।
३. २०७८ सालको जनगणना अनुसार १८ वर्ष मनिका वालवालिकाको संख्या ९८ लाख ६९ हजार ५ सय ८३ रहेको छ भने रास्कोट नगरपालिकाको बालबालिकाको संख्या ७ हजार ७ सय ६० रहेको छ ।
४. कम तौल भएका बालबालिकाको संख्या आ.व. २०८०/०८१ मा ३५ जना रहेकोमा यो संख्या आ.व. २०८१/०८२ मा करिब कमी भई २० जना पुगेको देखिन्छ ।
५. आर्थिक वर्ष २०८०/०८१ मा नवजात शिशु मृत्युदर शुन्य र आ.व. २०८१/०८२ मा यो दर शुन्य रहेको छ र मातृ मृत्युदर समेत शुन्य रहेको छ ।
६. जिल्ला प्रहरी कार्यालय कालीकोटवाट प्राप्त तथ्याङ्क अनुसार पालिकामा आर्थिक वर्ष २०८१/८२ मा आत्महत्या गर्ने वालवालिकाको संख्या २ जना रहेको छ ।
७. राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकामा जन्मदर्ता भएका ५ वर्षमुनीका बालक १२०८ र बालिका ११२६ जना गरेर जम्मा २३३४ वालबालिकाको जन्मदर्ता गराएका छन ।
८. राष्ट्रिय जनगणना २०७८ अनुसार रास्कोट नगरपालिकामा कूल अपाङ्गता भएका ११० जना वालबालिका अपाङ्गता परिचयपत्र बनाएको देखिन्छ ।
९. स्थानीय प्रहरी कार्यालयवाट प्राप्त तथ्याङ्क अनुसार आ। व। २०८१/८२ मा कुनै पनि वालवालिका लागू पदार्थ दुर्व्यशनीमा संलग्न भई उजुरी नपरेको देखिन्छ ।
१०. आ.व. २०८१/८२ मा कुनै पनि बालबालिका वालश्रममा संलग्न नरहेको वडागत विवरणवाट देखिन्छ ।
११. विगतको तुलनामा वालविवाह घट्दो अवस्थामा रहेको देखिएता पनि एक वर्षमा ५५ जना वालवालिकाको विवाह भएको देखिन्छ भने ३६ प्रतिशत वालविवाह रहेको छ ।
१२. राष्ट्रिय जनगणना, २०७८ अनुसार यस नगरपालिकामा कूल वालवालिका मध्ये आमावाबु दुबैसँग ८९.७४ प्रतिशत वालवालिका वस्ने गरेका छन् भने आमासँग मात्र वस्ने ६.१७ प्रतिशत, बाबुसँगमात्र बस्ने ०.८९ प्रतिशत र अन्य नातेदारसँग बस्ने बालबालिका २.२५ प्रतिशत रहेको छ ।

१३. २५ जना वालक र १४ जना बालिका आफै घरमुलीको रुपमा रहेको देखिएको छ ।
१४. विभिन्न किसिमका सामाजिक सुरक्षावाट २३७६ जना वालवालिका लाभान्वित भएका छन् ।
१५. विगत तीन शैक्षिक सत्रमा (२०८२) सम्म वाल विकास केन्द्र तथा पूर्व प्राथमिक कक्षाहरुको कूल संख्या ३९ रहेको छ ।
१६. शिक्षा शाखाको प्रतिवेदन अनुसार शैक्षिक सत्र २०८२ वैशाख सम्ममा पालिकामा ४४ वटा विद्यालयहरु सञ्चालनमा रहेका छन भने कूल विद्यार्थी संख्या ५३६१ रहेको छ ।
१७. शैक्षिकसत्र २०८२ मा आधारभूत तहदेखि देखि कक्षा १२ सम्म भर्ना भएका बालबालिकाको संख्या ५३६१ रहेको र जस मध्ये वालक ४४.७७ प्रतिशत र बालिका ५४.२३ प्रतिशत रहेको छ ।
१८. शिक्षा शाखाको प्रतिवेदन अनुसार शैक्षिक सत्र २०८० मा कक्षा ८ सम्मको टिकाउ दर ८७.९ प्रतिशत, कक्षा ९ देखि १२ सम्मको टिकाउ दर ९६.२१ प्रतिशत रहेको छ ।
१९. शैक्षिक सत्र २०८१ को माध्यमिक शिक्षा परीक्षा (SEE) मा सहभागी भएका विद्यार्थीको संख्या २५० रहेको थियो जस मध्ये ३३ जनाले उच्च GPA ल्याएका थिए ।
२०. आर्थिक वर्ष २०८१/८२ सम्ममा कूल २७ वटा वालक्लवहरु सञ्चालन रहेका छन् र ती बालक्लबहरुमा कूल ४१२ जना वालबालिका आवद्ध भएका छन् ।
२१. निरन्तर रुपमा बालमैत्री वडा घोषणा गर्न तयारी गरि विभिन्न क्रियाकलापहरु गर्दै आइरहेको छ र विभिन्न सूचकहरु पुरा गर्ने तयारी भईरहेको छ ।
२२. नगरपालिकामा आर्थिक वर्ष २०८१/८२ मा मात्र २४८ जना वालवालिकाको खेलकुद तथा अन्य दिवसीय कार्यक्रमहरुमा सहभागिता भएको छ ।
२३. बालबालिकाको सहभागिता, संगठन तथा अभिव्यक्ति स्वतन्त्रतालाई ख्यालमा राखि वडा स्तरीय वाल क्लव तथा बाल संजाल गठन गरिनुका साथै बाल सहभागिताको नीतिगत तथा बालमैत्री वडा घोषणाको तयारी गरिएको छ ।
२४. जोखिममा रहेका बालबालिकाको पहिचान, अभिलेखीकरण एवम् बाल संरक्षण घटना व्यवस्थापनका लागि १० जना बालबालिकाको विवरण बाल संरक्षण घटना व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गरिएको छ ।
२५. बालअधिकार संरक्षण तथा प्रवर्द्धनमा नमुना स्थानीय तहको रुपमा विकास गर्नका लागि बालबालिका सम्वन्धी वाल संरक्षण तथा प्रवर्द्धनका लागि कार्ययोजना निर्माण, वाल संरक्षण मापदण्ड लागू गर्ने, हिंसा तथा दुर्व्यवहार सम्बन्धी घटनाको अनिवार्य सूचना दिनुपर्ने व्यवस्थाको समुदाय स्तरसम्म सचेतना फैलाउने, वैकल्पिक हेरचाहको व्यवस्थाको प्रवर्द्धन, बालमैत्री स्थानीय तह निर्माण लगायतका आगामी योजना पालिकाको रहेको छ ।

# परिच्छेद- एक

## १.१ नगरपालिकाको परिचय

नेपालको कान्छो जिल्ला भनेर चिनिने कालिकोट जिल्लाको सवैभन्दा सानो तर अति सुन्दर , भौगोलिकरुपमा मिलेको नगरपालिका रास्कोट नगरपालिका हो । साविकका स्यूना , सिपखाना र फुकोट गा. वि. स. को भूभागलाई मिलाएर यस नगरपालिकाको यसको स्थापना वि स २०७३ फागुन २७ गते भएको हो । समुन्द्री सतहवाट लगभग १७७५ मिटरको उचाइमा रहेको र ५९.७३ वर्ग किलो मिटरमा फैलिएको छ । २९ डिग्री १४ मिनेट ३० सेकेण्ड डिग्री उत्तरी अक्षांश र ०८१ डिग्री ३८ मिनेट २३ सेकेण्ड पूर्वी देशान्तरमा अवस्थित रहेको छ । नगरपालिकाको पूर्वमा पचालझरना गाउँपालिका, पश्चिममा शान्ति त्रिवेणी गाउँपालिका, उत्तरमा वाजुरा जिल्ला र दक्षिणमा पचालझरना रहेका छन् । करिव ३१९४ घरधुरी ५८ वटा वस्तिहरु र २०७८ सालको जनगणना अनुसार १७,४२५ जनसङ्ख्या रहेको छ । यस नगरीमा प्रसिद्ध पर्यटकीय स्थलहरु शम्भुनाथ मन्दिर, देउरा मालिका मन्दिर, मलयागिरी पाटन, रास्कोटी राजाको दरवारको अवपेश, रानिवन रहेका छन् । वाजुरा जिल्लामा रहेको प्रशिद्ध तिर्थस्थल बडिमालिका जाने बाटो समेत यसै नगरपालिकाबाट रहेको छ । जमुनाहा हिल्सा अन्तराष्ट्रिय सडक सञ्जालमा जोडिएको र फुकोट कर्णाली हाइड्रो पावरको डयाम समेत यसै नगरपालिकामा बन्ने भएकोले यसको भविष्य सुन्दर रहेको छ ।

## १.२ रास्कोट नगरपालिकाको ऐतिहासिक चिनारी तथा नामाकरण

रास्कोट नगरपालिका कालिकोट जिल्लाको नगरपालिका हो ।नेपालको संघीय शासन प्रणाली अन्तर्गत राज्य पुर्नसंरचनामा स्थानीय तहको नयाँ सीमांकन गर्दा यो नगरपालिका साविकका ३ वटा गाविसहरुवाट रुपान्तरण भई स्थापना भएको हो । यो नगरपालिका जातिगत तथा सांस्कृतिक रुपमा विशिष्टता र विविधता वोकेको नगरपालिका हो । ठकुरी,क्षेत्री, ब्रामण,दलित, जनजाती, कुमाल आदी जातजातीका मानिसहरुको वसोवास भईरहेको छ ।यस नगरीमा प्रसिद्ध पर्यटकीय स्थलहरु शम्भुनाथ मन्दिर,देउरा मालिका मन्दिर,मलयागिरी पाटन, रास्कोटी राजाको दरवारको अवपेश, रानिवन ,पन्चदेवल, रास्कोटकै प्रमुख ऐतिहासिक श्रोतको रुपमा रहेको र समुन्नत कृषि प्रणालीको आधार रास्कोट नगरपाकिालाई चिनाएको छ ।

## १.३ राजनीतिक अवस्थिति

राजनैतिक विभाजनको आधारमा कालिकोट जिल्लाको निर्वाचन क्षेत्र नं. (ख) पर्ने रास्कोट नगरपालिकामा जम्मा ९ वटा वडाहरुमा विभाजन भएको छ । साविकको ३ वटा गाविसहरुलाई रास्कोट नगरपालिकामा साविकको सिपखाना गाविसका वडा नं १ देखी ३ सम्म र साविकको स्यूना

गाविसलाई हालको वडा नं. ४ देखी ६ र साविकको फुकोटलाई हालको वडा नं. ७ देखी ९ सम्म विभाजन गरिएको छ ।

### १.४ भू-उपयोगको अवस्था

उच्च पहाडी क्षेत्रमा अवस्थित कालिकोट जिल्लाको यो रास्कोट नगरपालिकाको भू-क्षेत्र विवधतायुक्त छ ।नगरको लेक खण्ड केहि पहाडी भू-भागमाहिउँ पर्ने देखि वेशीहरु पनि रहेका छन् ।यस नगरपालिकाको भू-क्षेत्र भिरालो र समथर दुवै रहेको देखिन्छ ।कृषि जमिन प्रशस्त रहेको यो नगरपालिमा झन्डै ४२.५४ व.किमि. खेति योग्य जमिन रहेको छ भने वन क्षेत्र १६.६५ व.किमि (२७.८९ प्रतिशत) र ३.५७ प्रतिशत झाडी) रहेको छ ।त्यसैगरी अनुसार १७.५७ घाँसे भूमि वा खर्क क्षेत्र रहेको छ खेर गइरहेको जमिनलाई पार्क तथा अन्य सार्वजनिक स्थलको रुपमा विकास गर्न नगरपालिका लागिपरेको छ . चरिचरनका लागि पनि प्रशस्त जग्गा रहेको छ ।यस नगरले भु उपयोगको निती निमार्ण गरि अगाडी वढ्न सके नगरको विकासमा फड्को मार्ने सम्भावना प्रसस्तै छ।रास्कोट नगरपालिकाको भूउपयोगको अवस्थो यस प्रकार रहेकिछ ।

### १.५ सास्कृतिक उत्कृष्टता

विभिन्न धर्मसम्प्रदायमा आस्था एवंम विश्वास प्रकट गर्ने भिन्न भिन्न जातजातिको वसोवास रहेको यस रास्कोट नगरपालिकामा सांस्कृतिक रुपमा समेत विविधता पाईन्छ । व्राहमण, क्षेत्री, ठकुरी, जनजाती, दलित, कुमाल समुदायको मिश्रित बसोबास रहेको यो नगरपालिकामा जातीय मौलिक परम्परा अनुसारको संस्कृति अपनाउने गरिएको छ ।जाति विशेषअनुसार मनाईने हिन्दूहरुको दशै तिहार, माघी, .अष्टमकी र अन्य तिथि अनुसारका चाडपर्वहरु पनि मनाइने गरेको छ ।यी चाडपर्व मनाउने क्रममा सांस्कृतिक पहिरन समेत लगाउने गरिएको पाईन्छ । यस नगरपालिका क्षेत्रमा लाग्नेविभिन्न धार्मिक मेला,माघेसंक्रान्ति मेला, शिवरात्री भेला, प्रकृति पूजा, कालरात्री मेला, श्रीपंचमी मेला, पूर्णिमा मेला यहाँको प्रमुख सास्कृतिक उत्कृष्टता हुन ।



## परिच्छेद-२
## बालअधिकार सम्बन्धी नीतिगत तथा कानूनी व्यवस्था

### २.१ पृष्ठभुमी

संयुक्त राष्ट्र संघको बाल अधिकार महासन्धि, १९८९ लाई नेपालले २०४७ साल भदौ २९ गते (९ सेप्टेम्वर १४, १९९०) विनाशर्त अनुमोदन गरी नेपालमा वाल अधिकार सुनिश्चितका लागि प्रतिवद्धता जनाएको छ। यसै अनुरुप नेपालको संविधानको धारा ३९ मा बालबालिकाको हकलाई मौलिक हकको रुपमा सुनिश्चित गरी बालबालिकाको सर्वोत्तम हितलाई राज्यको नीतिको रुपमा अंगिकार गरेको छ। नेपालको संवैधानिक व्यवस्था कार्यान्वयनका लागि बालबालिकाको हक, हित र अधिकारको सम्मान, संरक्षण, परिपुर्ति एवं पालनाका लागि बालबालिका सम्वन्धी ऐन, २०७५ लगायत अन्य विभिन्न कानूनी तथा नीतिगत व्यवस्थाहरु कार्यान्वयनमा रहेका छन्।

### २.२बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिवद्धता:

मानव अधिकार सम्वन्धी ९ मुख्य महासन्धिहरुमध्ये नेपाल ७ वटा महासन्तिधहरुको पक्षराष्ट्र हो । सो मध्ये बाल अधिकार सम्वन्धी मुख्य महासन्धि संयुक्त राष्ट्र सङ्घीय वाल अधिकार महासन्धि १९८९ हो । यसैगरी २ वटा ऐच्छिक प्रलेखहरु सशस्त्र संघर्षमा वालवालिकाको संलग्नता सम्बन्धी इच्छाधिन आलेख, २००० र बालवालिकाको बेचविखन, यौन शोषण तथा अश्लील चित्रण सम्बन्धी इच्छाधिन आलेख, २००० लाई अनुमोदन गरेको छ । यसका अतिरिक्त महिला र वालवालिकाको वेचविखन नियन्त्रण गर्ने सम्बन्धी प्रलेख २००० (पार्लेमो प्रोटोकल) लाइ समेत अनुमोदन गरेको छ ।ILO अन्तर्राष्ट्रिय श्रम संगठनको श्रममा प्रवेश गर्ने सम्वन्धी न्यूनतम उमेर सम्बन्धी महासन्धि १३८ र निकृष्ट वालश्रम उन्मुलन गर्ने महासन्धि १८२ अनुमोदन गरेको छ ।बालबालिकाको हित प्रवर्दनका लागि क्षेत्रीय प्रवन्ध गर्ने सार्क अभिसन्धी २००२ र वेश्यावृत्तिका लागि महिला तथा वालबालिकामा हुने बेचविखन रोकथाम तथा नियन्त्रण गर्ने सार्क अभिसन्धि २००२ लाइ नेपालले अनुमोदन गरेको छ ।

### २.३ बालबालिका सम्बन्धी प्रत्यक्ष सरोकार राख्ने राष्ट्रिय कानून तथा नीतिहरु:

नेपालको संविधानको धारा ३९ मा वालवालिकाको हकलाई मौलिक हकको रुपमा सुनिश्चित गरी बालवालिकाको सर्वोत्तम हितलाई राज्यको नीतिको रुपमा अंगिकार गरेको छ । नेपालको संवैधानिक व्यवस्था कार्यान्यनका लागि वालबालिकाको हक, हित र अधिकारको सम्मान, संरक्षण, परिपूर्ति र पालनाका लागि बालबालिका सम्वन्धी ऐन, २०७५ लगायत अन्य विभिन्न कानूनी तथा

नीतिगत व्यवस्थाहरु कार्यान्वयनमा रहेका छन् । नेपालको संविधानको मौलिक हक, राज्यको नीति, नागरिकता, मानव अधिकार आयोग सम्बन्धी व्यवस्थाहरू प्रत्यक्ष रूपमा वालवालिकाको अधिकारसँग जोडिएका छन् । बालवालिका सम्वन्धी व्यवस्थाले संवैधानिक रूपमा राज्यका हरेक कानून, नीति, योजना, कार्ययोजना र कार्यक्रमहरूमा वालवालिकाको सर्वोत्तम हितको सुनिश्चितता, वालवालिकाको शारीरिक र मानसिक सम्पूर्णताको सम्मान र संरक्षण तथा वालउत्तरदायी न्यायको सुनिश्चितता, बालबालिकाको आधारभूत आवश्यकता र विकासका अवसरहरूमा समान हकको सुनिश्चितता, बालबालिकालाई स्वतन्त्रतापूर्वक आफ्नो विचार निर्माण गर्ने, अभिव्यक्त गर्ने र संगठित हुन पाउने हकको सुनिश्चिता गरेको छ । नेपालमा वालवालिकाको हक हित र अधिकारको संरक्षणका लागि कार्यावयनमा रहेका विद्यमान केही कानूनी व्यवस्थाहरु तल प्रस्तुत गरिएको छ ।

### २.४ संघ, प्रदेश र स्थानीय तहका कानुनी तथा नीतिगत व्यवस्था

तालिका १

| संविधान तथा कानूनहरु | नीति, रणनीति तथा योजनाहरु |
|---|---|
| नेपालको संविधान, (२०७२) | वालवालिका सम्वन्धी राष्ट्रिय नीति, २०८० |
| बालबालिकासम्बन्धी ऐन, २०७५ | दोस्रो १० वर्षीय वालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७४-२०८३) |
| स्थानीय सरकार सञ्चालन ऐन, २०७४(प्रथम संसोधन) | राष्ट्रिय शिक्षा नीति, २०७६ |
| नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ | राष्ट्रिय विज्ञान, प्रविधि तथा नव-प्रवर्तन नीति, २०७६ |
| बालश्रम (निषेध र नियमित) ऐन, २०५६ | विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७ |
| नेपाल नागरिकता ऐन, २०६३ (तेस्रो संसोधन) | प्रारम्भिक वालविकास सम्वन्धी राष्ट्रिय रणनीति, २०७७-२०८८ |
| मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ | अपाङ्गता राष्ट्रिय नीति तथा कार्ययोजना, २०७३-२०८२ |
| अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७४ | वालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति तथा कार्यविधि, २०७४ |
| मुलुकी देवानी कार्यविधि संहिता, २०७४ | राष्ट्रिय स्वास्थ्य नीति, २०७६ |
| मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ | वालविकास केन्द्रको सञ्चालनमा लागि सहभागिता सम्बन्धी राष्ट्रिय प्रारुप, २०७७ |
| श्रम ऐन, २०७४ | मानसिक समस्या व्यवस्थापनका लागि मनोसामाजिक परामर्श/विमर्श सेवा सम्बन्धी एकीकृत कार्ययोजना, २०७७ |
| अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ | राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ |
| सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ | शिक्षा क्षेत्रको योजना (२०७८-८७) |
| अपराध पीडित संरक्षण ऐन, २०७५ | विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ |
| जनस्वास्थ्य ऐन, २०७५ | बालमैत्री सञ्चार निर्देशिका, २०७३ |
| सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ | वालवालिकाको संगठन निर्माण र सहजीकरण मार्गदर्शन, २०७४ |
| सामाजिक सुरक्षा ऐन, २०७५ | वालगृह सञ्चालन कार्यविधि, २०७५ |
| राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ | अनलाइन वाल सुरक्षा निर्देशिका, २०७६ |
| | वाल संरक्षण आर्थिक राहत सहयोग कार्यविधि, २०७६ |
| | वाल गृह सञ्चालन तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७९ |
| | वाल हेल्पलाइन नम्वर १०९८ नेपाल सञ्चालन कार्यविधि, २०७६ |
| | वालवालिका खोजतलास नम्वर १०४ सञ्चालन निर्देशिका, २०७६ |
| | सडक वालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन सम्वन्धी एकीकृत कार्यविधि, २०७६ |
| | वालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ |



#### २.४.१ प्रदेशिक कानूनी र नीतिगत व्यवस्थाः

वालवालिकाको हक, हित र अधिकारको लागि कर्णाली प्रदेशले विभिन्न कानुनी तथा नीतिगत व्यवस्थाहरु गरेको छ । संघीय ऐन तथा कानूनी व्यवस्थाहरुको परिपुरक हुनेगरी तथा प्रदेशको

विशिष्टिकृत आवश्यकताको आधारमा कर्णाली प्रदेश सरकारद्धारा बालबालिकाको क्षेत्रमा गरिएका कानूनी तथा नीतिगत प्रयासहरुः

कर्णाली प्रदेशमा कर्णाली प्रदेश स्वास्थ्य सेवा ऐन, २०७८ कार्यान्वयनमा रहेको छ । यस ऐनले बालबालिकाको स्वास्थ्यको अधिकार सम्बोधन गरेको छ । ऐनमा प्रत्येक ५ वर्षका लागि प्रदेश सरकारले स्वास्थ्य योजना बनाउनु पर्ने, पुर्वाधार विकासको सन्दर्भमा आशयपत्रमा नै भौतिक संरचनाहरु निर्माण गर्दा, जेष्ठ नागरिक, अपांगता तथा लैंगिक पहुँचयुक्त हुने सुनिश्चित गर्नुपर्ने, प्रदेश भित्र सञ्चालित अस्पतालहरुले २४ घण्टा आफुमा उपलब्ध स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने, २ वर्षमुनीको बालबालिकाको लागि उक्त बच्चाको आमाको दुध र आमा नभएमा प्रदेश सरकारले सुरक्षित एवम् पर्याप्त पोषणको व्यवस्था गर्ने, स्वास्थ्य संस्थाले आफुमा उपलब्ध भएको जम्मा बेड शैयाको १० प्रतिशत शैया गरीब, विपन्न तथा असहाय वर्गलाई निशुल्क उपलब्ध गराउनुपर्ने लगायतका व्यवस्थाहरु सुनिश्चित गरेको छ ।

यसैगरी कर्णाली प्रदेश सरकारले बालबालिकाको अधिकारको संरक्षण र प्रर्वद्धनका लागि विभिन्न कार्यविधिहरु समेत जारी गरी कार्यान्वयनमा रहेको छ । बाल अधिकार संरक्षण तथा प्रवर्द्धन सम्बन्धी प्रदेशमा रहेका कार्यविधिहरुको सूची तल प्रस्तुत गरिएको छः

क) प्रदेश बाल अधिकार समिति गठन, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०
ख) एकीकृत छात्रवृती विवरण तथा व्यवस्थापन कार्यविधि, २०८१
ग) मुख्यमन्त्री डिजिटल शिक्षा र नमूना विद्यालय कार्यक्रम सञ्चालन कार्यविधि, २०८१
घ) बैंक खाता छोरीको सुरक्षा जीवनभरीको कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
ङ) एक विद्यालय एक स्वास्थ्यकर्मी कार्यक्रम सञ्चालन कार्यविधि, २०७८
च) शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण निर्देशिका, २०८०
छ) कर्णाली प्रदेशको बाल विवाह अन्त्य सम्बन्धी रणनीति,२०८२
ज) लैंगिक हिंसा प्रभावितका लागि घटना व्यवस्थापन तथा प्रषण प्रक्रिया निर्देशिका, २०८२
झ) प्रारम्भिक बाल विकास रणनीति कर्णाली प्रदेश, (२०७९-२०८३)



### २.४.२ स्थानीय तहको कानूनी र नीतिगत व्यवस्था

रास्कोट नगरपालिकामा बालबालिकाको शिक्षा, स्वास्थ्य, संरक्षण तथा सहभागिता सम्वन्धी विषयमा विभिन्न विषयगत कानूनी तथा नीतिगत व्यवस्थाहरु गरिएका छन् । नगरपालिकामा बालसंरक्षण तथा सहभागिताको सन्दर्भमा निर्माण भएका कानूनी तथा नीतिगत व्यवस्थाको तल चर्चा गरिएको छः

**क) बाल अधिकार संरक्षण तथा प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७८**

बालबालिका सम्वन्धी ऐन २०७५ को दफा ६० तथा नियमावलीले निर्दिष्ट गरे बमोजिम रास्कोट नगरपालिकामा बाल अधिकार संरक्षण तथा प्रवर्द्धन सम्वन्धी कार्यविधि, २०७८ स्वीकृत भइ कार्यान्वयनमा रहेको छ ।यस कार्यविधिले निम्न विषयहरु समेटेको छ ।

क) बालकल्याण अधिकारी सम्वन्धी व्यवस्था
ख) स्पष्ट कार्यदिश सहितको स्थानीय तथा वडा बाल अधिकार समितिको व्यवस्था
ग) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार पश्चात राख्नका लागि अस्थायी संरक्षण सेवा सम्वन्धी व्यवस्था
घ) बाल संरक्षण सेवा प्रवाहका लागि बालकोषको स्थापना तथा परिचालन सम्वन्धी व्यवस्था
ङ) बाल संरक्षण घटना व्यवस्थापनका कार्यमा सहयोग तथा सहजीकरणका लागि समाजसेवी तथा बालमनोविज्ञको सूचीकरण तथा परिचालन सम्वन्धी व्यवस्था
च) बाल हेल्पलाइन तथा बालबालिका खोजतलास सेवा लगायतका बाल संरक्षण संयन्त्रसँगको समन्वय सम्वन्धी व्यवस्था ।

उल्लेखित व्यवस्थाहरुको अतिरिक्त कार्यविधिले बालबालिकाको संरक्षण तथा अधिकार प्रवर्दनका लागि बालक्लव दर्ता तथा नवीकरण, बैकल्पिक हेरचाहको व्यवस्थापन, सूचना प्रणाली सञ्चालन एवम् समग्र बाल अधिकार प्रवर्द्धनका व्यवस्थाहरु समेत समेटेको छ ।

**ख) बालकोष स्थापना तथा सञ्चालन निर्देशिका, २०८०**

विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई आवश्यकता लेखाजोखाका आधारमा स्थानीय बाल अधिकार समिति तथा बालकल्याण अधिकारीले निर्णय गरी संरक्षण सेवा प्रवाहका लागि बालबालिका सम्वन्धी ऐन २०७५ को दफा ६३ अनुसार बालकोषको स्थापना गरिएको छ । बालकोष परिचलनका लागि यस कार्यविधिले प्रकृयागत स्पष्टता सम्वन्धी व्यवस्था गरिएको छ । बालकोष परिचालनका मापदण्ड, सिमा र प्रकृया यसमा समेटिएको छ ।

**ग) बालगुनासो प्रणाली सञ्चालन निर्देशिका, २०८०**

नगरपालिकामा दैनिक रूपमा प्रवाह हुने सेवा तथा वालबालिका लगायतका आम नागरिकको अधिकारहरुको सम्वन्धमा जवाफदेहिता सम्वन्धी विषयलाई पारदर्शी, गुणस्तरीय तथा सुरक्षाको प्रत्याभूति सुनिश्चितताका लागि नगरपालिकाले वालवालिकाको गुनासो सम्वोधन तथा अधिकार प्रचलनका लागि बाल गुनासो प्रणाली सञ्चालन निर्देशिका २०८० जारी गरी कार्यान्वयनमा रहेको छ ।

## २.५ बालबालिकाको तथ्याङ्क

२०७८ सालको जनगणना अनुसार १८ वर्ष मुनिका वालवालिकाको संख्या ९८ लाख ६९ हजार ५ सय ८३ रहेको छ भने रास्कोट नगरपालिकाको कूल जनसंख्या १७ हजार ४ सय २५ मध्ये बालवालिकाको जनसंख्या ७ हजार ७ सय ६० रहेको छ। यसरी हेर्दा रास्कोट नगरपालिकामा कुल जनसंख्यामध्ये ४४.५३ प्रतिशत वालवालिका रहेको देखिन्छ जुन राष्ट्रिय औषतभन्दा १०.६९ प्रतिशत विन्दुले बढी हो । राष्ट्रिय जनगणना २०७८ वमोजिम प्रत्येक उमेर अनुसारको बालबालिकाको जनसंख्या तलको तालिकामा प्रस्तुत गरिएको छः

तालिका नं २

उमेर अनुसार बालबालिकाको जनसंख्या र लैङ्गिक अनुपात

| उमेर | बालक | बालिका | लैङ्गिक अनुपात (१०० जना बालिकामा बालकको अनुपात) |
|---|---|---|---|
| १ वर्ष मुनिका | २१९ | २०५ | १०६.८ |
| १ वर्ष | १९० | १४५ | १३१.० |
| २ वर्ष | २४० | २२४ | १०७.१ |
| ३ वर्ष | २२० | १९९ | ११०.६ |
| ४ वर्ष | २११ | १९७ | १०७.१ |
| ५ वर्ष | २०६ | २२९ | ९०.० |
| ६ वर्ष | २०८ | २२१ | ९४.१ |
| ७ वर्ष | १७८ | २१४ | ८३.२ |
| ८ वर्ष | २२७ | २३० | ९८.७ |
| ९ वर्ष | २११ | २११ | १००.० |
| १० वर्ष | २३१ | २४९ | ९२.८ |
| ११ वर्ष | १९४ | १९४ | १००.० |
| १२ वर्ष | २७५ | २५४ | १०८.३ |
| १३ वर्ष | २५७ | २५१ | १०२.४ |
| १४ वर्ष | २५६ | २०५ | १२४.९ |
| १५ वर्ष | २२० | २५७ | ८५.६ |
| १६ वर्ष | २०४ | २३२ | ८७.९ |
| १७ वर्ष | १४२ | १५४ | ९२.२ |
| जम्मा | ३८८९ | ३८७१ | १००.५ |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*



माथिको तालिका हेर्दा रास्कोट नगरपालिकामा १२ वर्ष उमेर भएका वालवालिकाको संख्या सवैभन्दा वढी ५२९ जना रहेको देखिन्छ भने १७ वर्ष उमेर भएका वालवालिकाको संख्या सवैभन्दा कम २९६ जना रहेको देखिन्छ । यसैगरी समग्रमा बालक र बालिकाको लैङ्गिक अनुपात १००.५ प्रतिशत हुनाले बालक र वालिकाको समग्रमा अनुपात वरावर देखिएता पनि ५ वर्षमुनिका वालवालिकाको लैङ्गिक अनुपात १०७ देखि १३१ सम्म देखिनुले आगामी दिनमा लैङ्गिक असमानता (जनसांख्यिक) अत्याधिक बढ्दै जाने जोखिम रहेको देखिन्छ । १ वर्ष उमेर समूहको प्रति १०० जना वालिकामा १३१ जना वालक हुनुले समाजमा छोरा र छोरी बीचको विभेदका कारण गर्भमै पहिचान गरी छोरा मात्र जन्माउने प्रवृत्ती बढेको हो कि भन्नेमा नकार्न सकिने अवस्था छैन । वालबिलकाको उमेर समूह अनुसार लैङ्गिक अनुपात तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३

उमेर अनुसार बालबालिकाको जनसंख्या र लैङ्गिक अनुपात

| उमेर समूह | बालक | बालिका | जम्मा | लिङ्ग अनुपात (प्रति १०० बालिका) |
|---|---|---|---|---|
| ०—४ वर्ष | १,०८० | ९७० | २,०५० | १११.३ |
| ५—९ वर्ष | १,०३० | १,१०५ | २,१३५ | ९३.२ |
| १०—१४ वर्ष | १,२१३ | १,१५३ | २,३६६ | १०५.२ |
| १५—१७ वर्ष | ५६६ | ६४३ | १,२०९ | ८८.० |
| जम्मा | ३,८८९ | ३,८७१ | ७,७६० | १००.५ |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

माथिको तालिकाबाट अध्ययन गर्दा ५ वर्षदेखि १७ वर्षसम्मका बालबालिकाको लैङ्गिक अनुपात सन्तुलित नै रहेको देखिएता पनि ५ वर्ष मुनिका बालवालिकाको लैङ्गिक अनुपातमा उल्लेखनीय असमानता देखाएको छ । यसैगरी बालवालिकाको उमेर समूह अनुसारको रास्कोट नगरपालिकाको जनसांख्यिक विवरण तलको ग्राफमा प्रस्तुत गरिएको छ ।

***बालबालिकाको संख्या***




*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

माथिको ग्राफबाट रास्कोट नगरपालिकामा प्रत्येक उमेर समूहमा बालक र वालिकाको जनसंख्याको अनुपात लगभग समान रहेको देखिन्छ । नगरपालिकामा सबैभन्दा धेरै ५ वर्षमुनिका वालवालिकाको जनसंख्या २ हजार ४ सय ८५ जना रहेको देखिन्छ भने सबै भन्दा कम १६ वर्षदेखि १८ वर्षमुनिका वालबालिका रहेको देखिन्छ ।

## २.६ बालबालिकाको प्रक्षेपित जनसंख्या

रास्कोट नगरपालिकामा दीर्घकालीन रूपमा जनसंख्या घट्दो दरमा रहेको देखिन्छ भने महिला तथा वालिकाको जनसंख्या तुलनात्मक रूपमा अझ बढी घट्दो, र लैङ्गिक असन्तुलन वढ्दो देखिन्छ। यसले भविष्यमा श्रमशक्ति, सामाजिक सेवा, प्रजनन स्वास्थ्य, तथा सामाजिक संरचनामा गम्भीर प्रभाव पार्ने अवस्था रहेको देखाउँछ । राष्ट्रिय जनगणना २०७८ अनुसारको आगामी सन् २०५१ सम्मको प्रक्षेपित जनसंख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।



**तालिका नं. ४**

**सन् २०५१ सम्मको बालबालिकाको प्रक्षेपित जनसंख्या र लैङ्गिक अनुपात**

| वर्ष | बालक | बालिका | कुल जनसंख्या | लिङ्ग अनुपात (प्रति १०० महिला) |
|---|---|---|---|---|
| २०२६ | ४,०४४ | ३,८६१ | ७,९०५ | १०४.७ |
| २०३१ | ४,१५९ | ३,७९० | ७,९४९ | १०९.७ |
| २०३६ | ४,२९० | ३,७४९ | ८,०३९ | ११४.४ |
| २०४१ | ४,१८७ | ३,६५३ | ७,८४० | ११४.६ |
| २०४६ | ३,९०८ | ३,४४० | ७,३४८ | ११३.६ |
| २०५१ | ३,५६० | ३,१७७ | ६,७३७ | ११२.० |

***स्रोतः राष्ट्रिय जनगणना, २०७८,*** *Population Projection | National Population and and Housing Census 2021 Results*

माथिको तालिका अध्ययन गर्दा सन् २०२१ देखि २०३६ सम्म समग्रमा वालबालिकाको जनसंख्या केही वढेको देखिए पनि सो पश्चात जनसंख्या निरन्तर घट्दो क्रममा गएको छ। सन् २०५१ सम्म आइपुग्दा कुल जनसंख्या ६ हजार ७ सय ३७ मा झरेको छ, जुन २०२१ को तुलनामा उल्लेख्य गिरावट हो। यसैगरी सवै वर्षमा वालकको संख्या वालिका भन्दा वढी रहेको देखिन्छ। समयसँगै वालिकाको जनसंख्या तुलनात्मक रूपमा छिटो घट्दै गएको देखिन्छ। सन् २०२१ मा वालक र वालिका वीचको लैङ्गिक अनुपात सन्तुलित रुपमा १००.५ सन् २०३६ पछि यो अनुपात ११४ भन्दा माथि पुगेको छ, जसले वालिकाको अनुपात उल्लेख्य रुपमा घट्दो देखाउँछ र लैङ्गिक असन्तुलन वढ्ने तर्फ संकेत गर्दछ।

## २.७ बाल संरक्षण संयन्त्रको अवस्थाः

वालवालिका सम्वन्धी ऐन, २०७५ ले स्थानीय तहमा वालवालिका सम्वन्धी कार्यविधि निर्माण, वालकल्याण अधिकारीको नियुक्ति, वालकोपको स्थापना, समाजसेवी र वालमनोविज्ञ सूचिकृत, अस्थायी संरक्षण सेवाको प्रवन्ध लगायतका संयन्त्रको व्यवस्था रास्कोट नगरपालिकाले गरेको छ ।

### क) स्थानीय बाल अधिकार समिति तथा वडा बाल अधिकार समितिः

वालवालिका सम्वन्धी ऐन, २०७५ अनुसार स्थानीय तहमा वालवालिकाको हक हित र अधिकारको सम्मान, संरक्षण, परिपुर्ति तथा पालनाका लागि स्थानीय वाल अधिकार समिति हुने कानूनी व्यवस्था रहेको छ । सोही अनुसार स्थानीय तहको वाल अधिकार संरक्षण एवम् प्रवर्द्धन सम्बन्धी कार्यविधिको व्यवस्था अनुसार स्थानीय बाल अधिकार समिति गठन गरिएको छ भने वडास्तरमा वडास्तरिय वाल अधिकार समिति गठन गरिएको छ । पालिकास्तरीय वाल अधिकार समितिको संचरनागत अवस्था र पदाधिकारीको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

तालिका:५

स्थानीय बाल अधिकार समितिको संरचना र पदाधिकारीको विवरण

| क्र.स. | नाम | पद | सम्पर्क नं | संस्थागत प्रतिनिधित्व |
|---|---|---|---|---|
| १ | मनिराज बराल | संयोजक | ९८५८३२००२५ | नगर उप प्रमुख |
| २ | मन तिरुवा | सदस्य | ९८४८३०५८०९ | सा.वि.स. संयोजक |
| ३ | रत्ना देवी न्यौपाने | सदस्य | ९८६४६२४०२९ | कार्यपालिका सदस्य |
| ४ | खेमराज शाही | सदस्य | ९८४८३२७९५४ | शिक्षा शाखा |
| ५ | जनकराज न्यौपाने | सदस्य | ९८४२३१५९४९ | स्वास्थ्य शाखा |
| ६ | उमाकान्त न्यौपाने | सदस्य | ९८५१०१९१९४ | कानुनी सल्लाहकार |
| ७ | जयराम बराल | सदस्य | ९८४८३०१३३२ | शिक्षक प्रतिनिधि |
| ८ | हुकुम शाही | सदस्य | ९८५८३२२१७५ | सामाजिक सुरक्षा तथा पञ्जिकरण शा |
| ९ | अपेक्षा शाही | सदस्य | ९८४८३२१३३३ | महिला सहकारी |
| १० | गिरिन्द्र शाही | सदस्य | ९८४००९९७०४ | NGO फोकल पर्सन |
| ११ | सरस्वती वली बिष्ट | सदस्य | ९८६९८७५२३७ | महिला तथा वालवालिका शाखा |
| १२ | चन्द्र बहादुर खत्री | सदस्य | ९८५८०३२५३५ | इलाका प्रहरी प्रमुख |
| १३ | याङकिङजङ फर्साल | सदस्य | ९७६८२५९२९७ | बाल संजाल प्रतिनिधि |
| १४ | सुस्मा शाही | सदस्य | ९८४८३९०५९९ | बाल सञ्जाल प्रतिनिधि |
| १५ | राजु कुमारी शाही | सदस्य सचिव | ९८६९८७५२३७ | बाल कल्याण अधिकारी |

*स्रोत: महिला बलाबालिका तथा ज्येष्ठ नागरिक शाखा, रास्कोट नगरपालिका २०८२*

स्थानीय तहमा रहेको बाल अधिकार समितिले कानून तथा कार्यविधिले व्यवस्था गरे अनुसार मुख्यगरी देहायको जिम्मेवारी निर्वाह गर्ने गरी संरचनागत व्यवस्था गरिएको छ:

**१. बाल अधिकारको संरक्षण र प्रवर्द्धन**

- समितिले वालवालिकाको अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धनका लागि स्थानीय तहमा नीति, योजना र कार्यक्रम तर्जुमा गर्न सहयोग गर्ने ।
- स्थानीय तहका बालबालिकाको समग्र स्थिति र उपलब्ध सेवाको गुणस्तर तथा प्रभावकारिताका सम्बन्धमा नियमित रूपमा निरीक्षण र अनुगमन गर्ने ।

**२. वैकल्पिक हेरचाह र व्यवस्थापन**

- वैकल्पिक हेरचाहको आवश्यकता भएका बालवालिकाका लागि बालकल्याण अधिकारीको सिफारिसमा समितिले उपयुक्त व्यवस्था (नातेदार, इच्छुक परिवार वा संस्था) मिलाउने ।



- वैकल्पिक हेरचाहमा राखिएका बालबालिकाको स्थितिको बारेमा समितिले वर्षको कम्तीमा एक पटक जानकारी लिनुपर्नेछ र उचित हेरचाह नभएको पाइएमा आवश्यक कारबाही वा संरक्षक परिवर्तनका लागि अदालतमा निवेदन दिने ।

**३. अनुगमन तथा नियमनको भूमिका**

- समितिले आफ्नो क्षेत्रभित्र रहेका वाल गृह र पुन:स्थापना केन्द्रहरूको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्ने
- अनुगमनको क्रममा मापदण्ड पालना नगरेको पाइएमा समितिले आवश्यक निर्देशन दिने र प्रचलित कानुन विपरीत कार्य भएको पाइएमा कारवाहीका लागि सिफारिस गर्ने
- स्थानीय तहमा दर्ता भएका बाल क्लव वा संस्थाहरूको विवरण अद्यावधिक गर्ने र तिनका गतिविधिहरूको प्रकाशन तथा प्रसारण गर्ने व्यवस्था मिलाउने

**४. प्रतिवेदन र अभिलेखीकरण**

- बालवालिकाको हेरचाह र पालनपोषण गर्ने व्यक्ति वा संस्थाले बुझाएको विवरणका आधारमा समितिले प्रतिवेदन तयार पार्ने ।
- समितिले बालवालिकाको अधिकारको अवस्था समेटिएको स्थानीय प्रतिवेदन तयार गरी वार्षिक रूपमा प्रदेश वाल अधिकार समिति र स्थानीय तहमा पेश गर्नुपर्ने ।

रास्कोट नगरपालिकामा गठन भएको स्थानीय वाल अधिकार समितिको वैठक हालसम्म १९ वटा भएकोमा यस आर्थिक वर्ष २०८२/८३ मा १ वाल अधिकार समितिको वैठक सञ्चालन भएका छन। विशिष्टिकृत अधिकार सहितको समितको वैठकवाट हाल सम्म भएका मुख्य मुख्य निर्णयहरु देहायका विपयसँग सम्वन्धित रहेका छन् ।

क) बालवालिकाको वैकल्पिक हेरचाहको व्यवस्थापन,
ख) बालबालिका सम्वन्धी स्थिति प्रतिवेदन,
ग) बाल क्लव गठन तथा परिचालन,
घ) विभिन्न वालवालिका लक्षित राहत वितरण र वालकोषको परिचालन,
ङ) बालबालिका सम्बन्धी सूचना संकलन,
च) सरोकारवालाहरुको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन ।

कानुनी तथा नीतिगत व्यवस्था कार्यान्वियनका लागि रास्कोट नगर पालिकाले कानुनी तथा नीतिगत यसैगरी रास्कोट नगरपालिकामा वडा स्तरमा नै बालबालिकाको संरक्षणको लागि वडस्तरीय बाल अधिकार समितिको गठन तथा परिचालन गरिएको छ ।वडास्तरीय बाल अधिकार समितिको पदाधिकारीको विवरण अनुसूची-१ मा संलग्न गरिएको छ ।

### ख) पालिकास्तरीय बाल संरक्षण संयन्त्र

ऐन र नियमावली लगायत कार्यविधिका व्यवस्था कार्यान्वयनका लागि कानूनले तोके बमोजिमका 'बाल संरक्षण संयन्त्रहरु' निर्माण गरेका छन् । स्थानीय तहमा भएका बाल संरक्षण संयन्त्रको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका -६

बाल संरक्षण संयन्त्रको अवस्था

| क.सं. | संयन्त्र | अवस्था | पदाधिकारी संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | स्थानीय बाल अधिकार समिति | मिति २०८१ साल जेठ २२ गते गठन भएको | १५ जना | उप प्रमुखको संयोजकत्व |
| २ | वडा बाल अधिकार समिति | ९ वटै वडामा गठन भएको | १२२ जना | १८ जना बालबालिकाको सहभागिता रहेको |
| ३ | बालकल्याण अधिकारी | मिति २०८२-०९-१३ गते | १ | तोकिएको |
| ४ | बालकोष | स्थापना भएको | १ | आव २०८१/८२ सम्ममा लाख रहेको |
| ५ | समाजसेवी र बालमनोविज्ञ | सुचिकृत गरेको | २ | |
| ६ | अस्थायी संरक्षण सेवाको प्रवन्ध | - | - | बाल १०९८ हेल्पलाइन कालिकोटसँग समन्वय |
| ७ | बाल संरक्षण मापदण्ड | - | - | प्रक्रियामा रहेको |

*स्रोत: महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा, रास्कोट नगरपालिका, २०८२*

समाजसेवी र बालमनोविज्ञ सूचीकृतका लागि सूचनाको क्रममा रहेको छ। अस्थायी संरक्षण सेवा प्रदायक संस्था नभएको पालिका आफैले सञ्चालन गरेको अवस्था नरहेको अन्य क्षेत्रका अस्थायी संरक्षण प्रदायकसँग सहकार्य गरी अस्थायी संरक्षण सेवाको प्रवन्ध गर्ने गरिएको छ । पालिकामा गठन भएका स्थानीय तह तथा वडा स्तरीय बाल अधिकार समितिका पदाधिकारीको विवरण अनुसूची- १ मा उल्लेख गरिएको छ ।

### ग) बालश्रम मुक्त स्थानीय तह सम्बन्धी संयन्त्र:

नेपालको संविधानको धारा ३९ को उपधारा ४ मा कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन बन्देज लगाएको छ । बालबालिका सम्वन्धी ऐन, २०७५ को दफा ७ मा प्रत्येक बालबालिकालाई आर्थिक शोषण हुनबाट संरक्षण पाउने एवम् १४



वर्षमुनिका बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन वा घरेलु कामदार वा कमलरीको रुपमा राख्न नहुने व्यवस्था उल्लेख गरेको छ ।

उल्लेखित संवैधानिक तथा कानूनी व्यवस्था कार्यान्वयनका लागि रास्कोट नगरपालिकाले बालश्रम मुक्त स्थानीय तह सम्वन्धी अभियान सञ्चालन गरेको छ । हालसम्म रास्कोट नगरपालिकाका ९ वटा वडाहरु सबै बालश्रम मुक्त वडा घोपणा भईसकेका छन् भने अब कर्णाली प्रदेशकै पहिलो नगरपालिकाको रुपमा बालश्रममुक्त स्थानीय तह घोपणा गर्ने तयारीमा नगरपालिका रहेको छ । बालश्रम मुक्त घोपणा भएका वडाहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ:

तालिका नं ७

| क स | वडा | घोषणा मिति |
|---|---|---|
| १ | वडा नं १ | आ.व.२०७९/८० |
| २ | वडा नं २ | आ.व.२०८०/८१ |
| ३ | वडा नं ३ | आ.व.२०८०/८१ |
| ४ | वडा नं ४ | आ.व.२०७८/७९ |
| ५ | वडा नं ५ | आ.व.२०८०/८१ |
| ६ | वडा नं ६ | आ.व.२०७९/८० |
| ७ | वडा नं ७ | आ.व.२०७८/७९ |
| ८ | वडा नं ८ | आ.व.२०७८/७९ |
| ९ | वडा नं ९ | आ.व.२०७९/८० |

*स्रोत: महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा, रास्कोट नगरपालिका, २०८२*

### २.८ आ.व.२०८२/८३ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा बालबालिका

रास्कोट नगरपालिकाको आव २०८२/८३ को नीति तथा कार्यक्रममा शिक्षा, स्वास्थ्य, बाल संरक्षण, बाल विकास, बाल सहभागिता लगायतका विषयहरू सम्बोधन भएको छ। जसमा विशेषगरी कार्यक्रमहरू उल्लेख गर्ने को व्यवस्थापन भएको छ। यसैगरी बजेट वक्तव्यमा समग्र बालबालिकाको हक हित र अधिकारको विषयहरू समावेश भएका छन्। यस सम्वन्धी विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका - ८

**नीति तथा कार्यक्रम र बजेटमा बालबालिकाका विषयहरु**

| क.स. | सम्बोधन भएको विषयहरु |
|---|---|
| बाल स्वास्थ्यसँग सम्वन्धित | |
| १ | बहुक्षेत्रीय पोषण कार्यक्रम निरन्तरता दिईनेछ । |
| २ | बाल स्वास्थ्य खोप र सुरक्षित मातृत्व सेवालाई प्रभावकारी वनाउने ह्याप्पी मदर्स कार्यक्रम सञ्चालन गरिनेछ । |
| ३ | भरोसा होस नगर माथि गाउँ घरमा स्वास्थ्य कर्मी साथी भन्ने नाराका साथ अति विपन्न सुत्केरी गर्भवती महिला अपाङ्गता भएका व्यक्तिहरु तथा वालवालिकालाई सहायता पुग्ने गरि मातृ शिशु स्वास्थ्यमा सुधार ल्याउन घर आगनमा स्वास्थ्य घुम्तिसेवा महिनाको एक पटक पुग्ने गरि "मेयर हेल्थ केयर कार्यक्रम" निरन्तरता दिईनेछ । |
| बाल संरक्षणसँग सम्बन्धित | |
| १ | अभिभावक विहिन तथा जोखिममा परेका वालवालिकालाई संरक्षणका लागि आपतकालीन बालउद्धार कोष परिचालन गरिनेछ । |
| २ | बालिका सहयोग कार्यक्रम सञ्चालन गरिनेछ । |
| ३ | बालबालिकाको प्रतिवेदन सार्वजनिक गरिनेछ । |
| बाल विकाससँग सम्बन्धित | |
| १ | रास्कोटका बालबालिकालाई रास्कोटमा सिकाउन टिकाउन र विकाउने नीति अनुरुप शैक्षिक क्रान्तिलाई निरन्तरता दिदैं विदयार्थी प्रयाप्त विद्यालयलाई प्रोत्साहन र कम विदयार्थी भएका विदयालयलाई कक्षा समायोजन गरिनेछ । |
| २ | बालबालिका संग मेयर कार्यक्रममा हेलो प्यारेन्ट कार्यक्रम सञ्चालन गरिनेछ । |
| ३ | जनयुद्ध जनआन्दोलनका सहिद घाईते अपाङ्गता भएका द्वन्द्व पिडित विपन्न दलित परिवारको छात्रछात्राहरु उच्च शिक्षा अध्ययनका लागि मेयर छात्रबृति कोषलाई निरन्तरता दिईनेछ । |
| ४ | स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणका लागि बजेट व्यस्थापन गरिएको छ । |
| ५ | संघीय सरकारको नमुनाको रुपमा रहेको बडिमालिका माविलाई कक्षा १ देखि १० सम्म समानान्तर अङग्रेजी र नेपाली माध्यमबाट कक्षा सञ्चालनलाई निरन्तरता दिईनेछ । |
| ६ | शिक्षाको आधारको रुपमा रहेको घर बलियो जगले राष्ट्र बलियो प्रारम्भिक बालविकासले भन्ने नाराका साथ प्रारम्भिक बालविकासमा लगानी अभिबृद्धि गरिनेछ । |
| ७ | न्युन सिकाई उपलब्धी भएका बालबालिकाहरुको सिकाई उपलब्धी वृद्धि गर्न अतिरिक्त क्रियाकलाप र कक्षा सञ्चालन गरिनेछ । |
| बाल सहभागितासँग सम्वन्धित | |
| १ | मेयर कपलाई निरन्तरता दिईनेछ । |
| २ | बालबालिकाहरुलाई प्रतिरक्षा र क्षमता प्रस्फुटनका लागि विभिन्न किसिमका खेल तथा बन्द प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।जिल्ला स्तरीय राष्ट्रपति रनिङ सिल्ड कार्यक्रमका लागि १५ लाख र पालिका स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिताका लागि ५ लाख बजेट विनियोजन । |

*स्रोतः रास्कोट नगरपालिका, २०८२*

## परिच्छेद-३
## बालबालिकाको बाँच्न पाउने अधिकार

### ३.१ पृष्ठभुमी

बाल अधिकार सम्वन्धी महासन्धि, १९८९ को धारा ६ अन्तर्गत वालवालिकाको दीर्घ जीवन र विकास एवम् धारा २४ अन्तर्गत स्वास्थ्य सम्वन्धी अधिकारमा वालवालिकाको वाँच्न पाउने तथा स्वस्थ जीवनको अधिकार सम्वन्धी व्यवस्था सुनिश्चित गरिएको छ । नेपालको संविधानको मौलिक हक अन्तर्गत धारा ३० को उपधारा (१) मा प्रत्येक नागरिकलाई स्वस्थ र स्वच्छ वातावरणमा बाँच्न पाउने हकको व्यवस्था गरिएको छ ।

राष्ट्रिय स्वास्थ्य नीति, २०७६ मा जीवन पथको अवधारणा अनुरूप सुरक्षित मातृत्व, वाल स्वास्थ्य सेवाको विकास तथा विस्तार गरिने नीति समावेश भएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को गाउँपालिका तथा नगरपालिकाको अधिकार अन्र्तगत आधारभूत स्वास्थ्य र सरसफाइ सम्बन्धी आवश्यक नीति निर्माण तथा व्यवस्थापनको जिम्मा स्थानीय तहलाई दिइएको छ । यसका साथै दिगो विकास लक्ष्यमा सन् २०३० सम्ममा, विश्वव्यापी मातृ मृत्युदरमा ७० (प्रत्येक १ लाख जीवित जन्ममा) भन्दा कम गर्ने, नवजात शिशुहरू र पाँच वर्षमुनिका बालबालिकाहरूको रोक्न सकिने मृत्युलाई अन्त्य गर्ने लगायतका लक्ष्यहरू रहेका छन् । उल्लेखित कानूनी व्यवस्थाको कार्यान्वयनका लागि नगरपालिका निरन्तर प्रयासरत रहेको छ । यस परिच्छेदमा रास्कोट नगरपालिका बालवालिकाको स्वास्थ्य सम्वन्धी अधिकारको कार्यान्वयनको अवस्था प्रस्तुत गरिएको छ ।

### ३.२ खोप

बालबालिकाले खोप लगाउन पाउने नैसर्गिक अधिकारको कार्यान्वयनका लागि नेपाल संवेदनशील रहेको छ । दक्षिण एसियाली देशहरु मध्ये राष्ट्रिय खोप ऐन लागू भएको नेपाल पहिलो देश हो । विभिन्न रोगबाट बालबालिकालाई संरक्षण गरी स्वस्थ राख्नका लागि खोप ऐन, २०७२ कार्यान्वयनमा छ । उक्त ऐनमा बालबालिकालाई खोप लगाउनु अनिवार्य रहेको छ ।

नेपालमा बालबालिकालाई क्षयरोगबाट बचाउनका लागि वि.सि.जि, भ्यागुते रोग, लहरे खोकी, धनुष्टङ्कार, हेपाटाइटिस बी, हेमोफिलस इन्फ्लुएन्जा बी बाट बच्नका लागि डि.पि.टि. हेप वि हिब, पोलीयोमाइलाइटिसवाट बच्नका लागि ओ.पि.भी, न्यूमोनियाबाट बच्नका लागि पि.सी.भी., दादुरा रुवेलाबाट बच्नका लागि एम.आर.र जापानिज इन्सेफ्लाइटिस (मस्तिष्क ज्वरो) वच्नका लागि जे.ई. लगायतका १३ किसिमका खोप दिइने गरिएको छ । विगत ३ आर्थिक वर्षमा रास्कोट



नगरपालिकामा विभिन्न किसिमका खोप पाउने बालबालिकाको प्रतिशत तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका-९**
**रास्कोट नगरपालिकामा खोप पाएका बालबालिका**

| क्र.स. | खोप | आव ७९/८० | आव ८०/८१ | आव ८१/८२ |
|---|---|---|---|---|
| १ | विसिजी (१ वर्षमुनिका) | ३१३ जना | २९५ जना | ३०२ जना |
| २ | डिपिटी–हेपB- हिव ३ (१ वर्ष मुनिका) | ३२७ जना | २८७ जना | २६५ जना |
| ३ | दादुरा/रुवेला (१२ देखि २३ महिना) | ३२९ जना | २८७ जना | २५५ जना |
| ४ | पूर्ण खोप पाएका बालवालिका (%) | ९४% | ९६% | ९९% |

*स्रोतः स्वास्थ्य शाखा रास्कोट नगरपालिका, HMIS 9.3 २०८२*

रास्कोट नगरपालिकामा खोपवाट वञ्चित वालवालिकाहरू निकै कम रहेको र खोप नै नपाएका वालवालिका भन्दा पनि विविध कारणले पुर्ण खोपको मात्रा पुरा गर्न नसकेका वालवालिकाहरू केही रहेका छन् । यसको मुख्य कारण भनेको आयआर्जनको लागि वसाइसराइ रहेको छ ।

### ३.३ बाल मृत्युदर

स्वास्थ्य क्षेत्रमा रास्कोट नगरपालिकाले हालसम्म भएका प्रगतिहरू उत्साहजनक रहेका छन् । नेपालले संयुक्त राष्ट्रसङ्घको वाल अधिकार महासन्धिलाई अनुमोदन गरेको समयदेखि हालसम्म आउँदा वाल स्वास्थ्यको क्षेत्रमा नवजात शिशु र वाल मृत्युदरमा उल्लेख्य सुधार आएको छ । नगरपालिकाको वालमृत्युदरको तुलनात्मक अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छः

**तालिका-१०**
**रास्कोट नगरपालिका बालमृत्युदरको अवस्था**

| मृत्युदरको प्रकार | आव ८१/८२ | आव ८२/८३ |
|---|---|---|
| नवजात शिशु मृत्युदर | ० जना | ० जना |
| शिशु मृत्युदर | ० जना | ०जना |
| बाल मृत्युदर | ० जना | ० जना |

*स्रोतः स्वास्थ्य शाखा रास्कोट नगरपालिका,HMIS 9.3 २०८२*

रास्कोट नगरपालिकामा बालमृत्युदर अवस्था राष्ट्रिय औसतको तुलनामा राम्रो रहेको छ । यसको मुख्य कारण भनेको स्वास्थ्य क्षेत्रमा काम गर्ने सरकारी तथा गैर सरकारी निकायहरूको प्रभावकारी रुपमा सक्रियता रहनु नै हो । विगतको तुलनामा बाल मृत्युदर उल्लेख्य रुपमा कमी आएको छ । आर्थिक वर्ष २०८२/०८३ को हालसम्म समेत यस नगरपालिकामा नवजात शिशु मृत्युदर दर शून्य रहेको छ ।

### ३.४ बाल पोषणको अवस्था

नेपालको संविधानले सबै नागरिकको खाना, स्वास्थ्य र पोषणको अधिकार सुनिश्चित गरेको छ। नेपाल सरकारले सबै प्रकारका कुपोषणको समस्यालाई सम्बोधन गर्न राष्ट्रिय पोषण नीति, रणनीति र कार्ययोजनामा सुधार गर्दै कार्यान्वयन गरेको छ। दिगो विकास लक्ष्यमा सन् २०३० सम्ममा कुपोषणलाई तीन प्रतिशतमा र पाँच वर्ष मुनिका वालवालिकामा पाइने कम तौललाई नौ प्रतिशतमा झार्ने, सन् २०३० सम्ममा प्रजनन उमेरका महिलाहरू र वालवालिकामा रहेको रक्तअल्पतालाई १० प्रतिशतमा झार्ने लगायतका परिमाणात्मक लक्ष्यहरू राखिएको छ । नगरपालिकाको वालवालिकाको पोषणको तुलनात्मक अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छः-

**तालिका –११**

**बाल पोषणको अवस्था**

| पोषणको अवस्था | आव ८०/८१ | आव ८१/८२ |
| --- | --- | --- |
| बढी तौल भएको | - | - |
| ख्याउटेपन | - | - |
| कम तौल | ३५ जना | २० जना |
| पुड्कोपन | - | - |

*स्रोत: स्वास्थ्य शाखा रास्कोट नगरपालिका, HMIS 9.3 २०८२*

रास्कोट नगरपालिका दुई आर्थिक वर्षमा वालपोषण अवस्थालाई अध्ययन गर्दा बढी तौल र पुड्कोपन ख्याउटेपन भएका बालबालिका नभएको तर र कम तौल भएका वालवालिकाहरू रहेको स्वास्थ्य शाखाको तथ्याङ्कले देखाएको छ । कम तौल भएका बालबालिकाको संख्या आ.व. २०८०/८१ मा ३५ जना रहेकोमा यो संख्या आ.व. २०८१/८२ मा कमी भई २० रहेको देखिन्छ । यसको प्रमुख कारण स्वास्थ्य क्षेत्रमा काम गर्ने सरकारी एवं गैर सरकारी निकायहरूको प्रभावकारी सेवा रहेको मान्न सकिन्छ । मातृशिशु तथा वालवालिकाको पोषण स्थिति सुधारका लागि रास्कोट नगरपालिकाले विद्यालय स्वास्थ्य शिक्षा र पोषण रणनीति तथा कार्यक्रम कार्यान्वयन गरिरहेको छ । बालबालिकामा आइरनको मात्रामा सुधार गर्न १० देखि १९ वर्षका बालिका तथा



किशोरीहरूलाई पनि आइरन तथा फोलिक एसिड चक्की वितरण गर्ने कार्य चलिरहेको छ । रास्कोट नगरपालिकामा नेपाल सरकारले ५ वर्ष भन्दा मुनीका वालवालिकालाई पोषण स्थितिमा सुधार गर्नका लागि मासिक रुपमा ५३२ पाच सय बत्तीस रुपैयाँ प्रति बालक उपलब्ध गराएको छ । यस नगरपालिका भित्रका वडागत रुपमा वाल पोषण भत्ता मार्फत लाभान्वित वालबालिकाको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ । जसमा यस सुविधा लिने बालबालिकाको विवरण यस प्रकार रहेको छ

**तालिका - १२**

**बाल पोषण भत्ताबाट लाभान्वित बालबालिकाको संख्या**

| वडा नं | बालक |
| --- | --- |
| वडा नं १ | २१३ |
| वडा नं २ | २६६ |
| वडा नं ३ | २२० |
| वडा नं ४ | १९२ |
| वडा नं ५ | ३३७ |
| वडा नं ६ | २४४ |
| वडा नं ७ | १३७ |
| वडा नं ८ | ३६७ |
| वडा नं ९ | २८० |
| जम्मा | २२५६ |

*स्रोत: सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा, चौथो किस्ता, २०८२*

माथिको तालिकाको आधारमा कूल २२५६ जना वालपोषण भत्ताबाट लाभान्वित बालबालिका मध्ये सबै भन्दा धेरै १६.२७ प्रतिशत बालबालिका वडा नं. ८ मा रहेको देखिन्छ भने सबैभन्दा कम वालवालिका वडा नं. ७ मा ६.०७ प्रतिशत रहेको छ। वडाभित्र रहेका ५ वर्षमुनिका वालवालिकाको संख्याको आधारमा वडागत रुपमा वालपोषण भत्ताबाट लाभान्वित वालवालिकाको सङ्ख्या तलमाथि रहेको देखिन्छ ।

### ३.५ मातृ मृत्युदरको अवस्था

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार नेपालको मातृ मृत्युदर १५१ जना प्रति लाख जीवित जन्ममा रहेको छ । रास्कोट नगरपालिकाको मातृमृत्युदर शुन्य रहेको छ । रास्कोट नगरपालिकामा गत ३ आर्थिक वर्षमा मातृ मृत्युदरको अवस्थालाई विश्लेषण गर्दा आ.व. २०८१/८२ सम्म कुनै पनि

आमाले ज्यान गुमाउन परेको छैन । यो तुलनात्मक रूपले मातृ मृत्युदरमा आएको उल्लेखनीय सुधार हो । यसको मुख्य कारण भनेको स्वास्थ्य क्षेत्रमा काम गर्ने सरकारी एवं गैर सरकारी निकायहरूको प्रभावकारी सेवा रहेको मान्न सकिन्छ ।

### ३.६ मानसिक स्वास्थ्य र आत्महत्याको अवस्था

मानसिक स्वास्थ्य भन्नाले मनोवैज्ञानिक, संवेगात्मक तथा सामाजिक तन्दुरुस्तीलाई वुझाउँछ । विश्व स्वास्थ्य सङ्गठनले मानसिक समस्यालाई साधारण तथा दैनिक आइपर्ने तनावहरू व्यवस्थापन गर्न कठिनाइ भई, दैनिक, घरायसी तथा समाजमा योगदान गर्न वाधा भएको अवस्था भनी परिभाषित गरेको छ । मन, शरीर र समाज विचको अन्तरसम्वन्धले धेरै स्वास्थ्यका कुराहरूलाई प्रभाव पार्छ जसलाई हामी मनोसामाजिक अवस्थाको रूपमा वुझ्छौं । यदि मन, शरीर र समाजको विचमा तालमेल भएन भने मन खिन्न हुने, दु:ख लाग्ने, आफूलाई माया र सम्मान नगरिएको महसुस हुने, विरक्त तथा दिक्दारी लाग्ने आदि हुन्छ जसलाई हामी मनोसामाजिक समस्या भनेर चिन्छौं ।
अभिभावकको मानसिक स्वास्थ्यको कारणले समेत बालबालिकाको मानसिक स्वास्थ्यमा असर पुग्न सक्छ ।जस्तै बालबालिकाको प्रारम्भिक बाल्यावस्थाको हुर्काइ, परिवारमा घरयासी हिंसा, गरिवी, तनावपूर्ण कार्यक्षेत्र, बालबालिकाको प्रविधिसँगको लत लगायतका कारण यस्तो समस्या देखिन सक्छ र गम्भीर मनोसामाजिक समस्या सम्म आउन सक्दछ । जसका कारण आत्महत्या सम्मको अवस्था आउन सक्छ । जिल्ला प्रहरी कार्यालय कालीकोटवाट प्राप्त तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८१/०८२ मा २ जना वालिकाले आत्महत्या गरेका छन् भने आत्महत्या प्रयास गर्दा उद्धार गरिएको संख्या शुन्य रहेको छ । यस सम्वन्धी तथ्याङ्क तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका - १३
बालबालिकाको आत्महत्याको अवस्था

| विवरण | आव२०७९/०८० | आव २०८०/०८१ | आव२०८१/०८२ |
|---|---|---|---|
| आत्महत्या गरेका बालबालिका | ० | ० | २ |
| आत्महत्या प्रयासबाट उद्धार गरिएका बालबालिका | ० | ० | ० |
| जम्मा | ० | ० | २ |

*स्रोतः जिल्ला प्रहरी कार्यालय कालीकोट,२०८२*

जिल्ला प्रहरी कार्यालयको तथ्याङ्क अनुसार रास्कोट नगरपालिकामा पछिल्लो तिन आर्थिक वर्षमा आत्महत्या गर्ने वालवालिकाको संख्या २ रहेको देखिन्छ । बालबालिकाले आत्महत्या गर्नु वा प्रयास गर्नु बालबालिकाको मानसिक स्वास्थ्यमा परेको नकारात्मक प्रभाव हो । यसको मुख्य कारणहरूमा



बालविवाह, अवोध वाल प्रेम, चलचित्रवाट देखासिखी र यसले निम्त्याएको मनोसामाजिक समस्या नै मुख्य कारण रहेको छ भने अन्य कारण गरिवी, अस्वभाविक सामाजिक भड्किलो जिवनशैली र त्यसले वालवालिकामा पारेको आत्मगलानीपुर्ण भावना जस्ता कारणले बालबालिकाले आत्महत्या गरेको पाइन्छ ।

### ३.७ संक्रामक तथा नसर्ने रोग र बालबालिका

दिगो विकास लक्ष्यमा एच.आई.भी., क्षयरोग, औलो ज्वरो साथै पानीजन्य रोगहरू लाग्न नदिने परिमाणात्मक लक्ष्य राखिएको छ । सन् २०३० सम्ममा नसर्ने रोगवाट हुने असामयिक मृत्युदरलाई एकतिहाइले कम गर्ने विश्वव्यापी परिमाणात्मक लक्ष्यहरू पनि राखिएको छ । रास्कोटनगरपालिकामा सङ्क्रामक तथा नसर्ने रोगवाट प्रभावित वालवालिकाको आव २०८१/८२ सम्मको अवस्थालाई हेर्दा एचआइभि संक्रमित वालवालिका छैन, मलेरियावाट प्रभावित बालवालिका छैन , नवजात शिशु टिटानसवाट सङ्क्रमित वालवालिकाहरू नरहेको तथा क्यान्सरवाट सङ्क्रमित १ जना रहेको पाइएको छ । यस प्रकारका रोगहरूको कमी हुनुको मुख्य कारण भनेको स्वास्थ्य क्षेत्रमा कार्यरत संयन्त्रको प्रभावकारी कार्यान्वयन एवं नागरिक सचेतना कार्यक्रमहरू जोडतोडले अगाडि बढ्नु रहेको छ ।

## परिच्छेद-४

## बालबालिकाको संरक्षणको अधिकार

### ४.१ पृष्ठभुमीः

नेपालको संविधानले बालबालिकाको संरक्षणको अधिकारलाई मौलिक हकको रुपमा सुनिश्चित गरेको छ । यसैगरी बालबालिका सम्बन्धी ऐन, २०७५ ले बालबालिकाको संरक्षणको अधिकार मुलुकी देवानी संहिता ऐन, २०७४ मा दश वर्ष उमेर नपुगेको बालबालिकाले गरेको कुनै काम कसूर नमानिने, बालबालिकाबाट कसैले गराएको कसूरमा उमेर पुगेकोलाई सजाय हुने, छोरा-छोरी, छोरा-छोरा वा छोरी-छोरीबिच कुनै किसिमले भेदभाव गर्न नहुने, बालयौन दुरुपयोग विरुद्ध कसूर हुने व्यवस्थाहरू छन् ।

बालबालिका सम्बन्धी ऐन, २०७५ बालबालिकाका लागि विशिष्टीकृत ऐन भएकोले बालबालिकाको संरक्षणको अधिकार सहित मूलभूतः १३ किसिमका अधिकारहरूको व्यवस्था गर्नुका साथै अधिकार कार्यान्वयनका लागि आवश्यक संरचना सम्बन्धी व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहले बालबालिकासँग सम्बन्धित पञ्जिकरण, सूचना व्यवस्थापन, सडक बालबालिका, अनाथ, असहाय, अशक्त, र मानसिक असन्तुलन भएका व्यक्तिहरूको संरक्षण र व्यवस्थापन, बालविवाह लैङ्गिक हिंसा, छुवाछूत, हलिया, छाउपडी, कमलरी, बालश्रम, मानव बेचबिखन जस्ता सामाजिक कुरीति र अन्ध विश्वासको अन्त्य गर्ने, गराउने लगायतका कार्य गर्नुपर्ने व्यवस्था रहेको छ ।

### ४.२ बालबालिकाको पहिचान तथा जन्मदर्ताको अधिकार

नेपालको संविधान, बालबालिका सम्बन्धी ऐन, २०७५, राष्ट्रिय परिचय—पत्र तथा पञ्जीकरण ऐन, २०७६ तथा नियमावली, २०७७ बमोजिम विभिन्न अवस्थाका बालबालिकाको पहिचान, जन्मदर्ता तथा नागरिकता सम्बन्धी व्यवस्था भएको छ ।

रास्कोट नगरपालिका बालबालिकाको जन्मदर्ता एवम् पहिचानको अधिकार कार्यान्वयनका लागि विभिन्न किसिमका प्रोत्साहनका कार्यक्रमहरु सञ्चालनमा रहेका छन् । बाल पोषण भत्ता, सचेतना अभियान लगायतका कार्यक्रमले बालबालिकाको जन्मदर्ता दर क्रमश सुधार भैरहेको छ । रास्कोट नगरपालिकाको ५ वर्ष मुनिका बालबालिकाको वडागत जन्मदर्ताको अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ।



तालिका - १४

जन्मदर्ताको विवरण

| वडा | आव ०८०/०८१ | | | आव ०८१/०८२ | | |
|---|---|---|---|---|---|---|
| | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| वडा नं १ | १६१ | १४५ | ३०६ | १५५ | १४५ | ३०० |
| वडा नं २ | १२७ | ११६ | २४३ | १५५ | ११७ | २७२ |
| वडा नं ३ | १०९ | १०३ | २१२ | १०५ | ९५ | २०० |
| वडा नं ४ | १२२ | १०५ | २२७ | १०१ | ८४ | १८५ |
| वडा नं ५ | २०५ | १७१ | ३७६ | १८५ | १६९ | ३५४ |
| वडा नं ६ | १३५ | ११५ | २५० | १२० | ११० | २३० |
| वडा नं ७ | ७० | ५८ | १२८ | ६० | ५८ | ११८ |
| वडा नं ८ | २०९ | १८८ | ३९७ | १९४ | १८१ | ३७५ |
| वडा नं ९ | १५५ | ११७ | २७२ | १४० | १२७ | २६७ |
| जम्मा | १२९३ | १११८ | २४११ | १२१५ | १०८६ | २३०१ |

*स्रोतः पञ्जिकरण शाखा, रास्कोट नगरपालिका, २०८२*

रास्कोट नगरपालिकामा जन्मदर्ताको विवरण हेर्दा ५ वर्षमुनीका बालबालिका मध्ये करिव ९९ प्रतिशत बालबालिकाको जन्मदर्ता गराएका छन। राष्ट्रिय जनगणना २०७८ अनुसार रास्कोट नगरपालिकाको जन्मदर्ता गराएका बालबालिकाको संख्या २३३४ भए पनि यो दर पछिल्लो अवस्थामा बढेको छ । यसका मुख्य कारण भनेको सामाजिक सचेतीकरण एवं बालपोषण भत्ताको सुविधा लिन जन्मदर्ता अनिवार्य हुनु रहेको छ ।

तालिका -१५

राष्ट्रिय जनगणना अनुसार ५ वर्ष मुनिका बालबालिकाको जन्मदर्ताको अवस्था

| उमेर | जन्मदर्ता भएका | | | जन्मदर्ता नभएका | | |
|---|---|---|---|---|---|---|
| | बालक | बालिका | जम्मा | बालक | वालिका | जम्मा |
| ० वर्ष | २०६ | १९५ | ४०१ | १३ | १० | २३ |
| १ वर्ष | १८१ | १४१ | ३२२ | ९ | १० | १३ |
| २ वर्ष | २२८ | २११ | ४३९ | १२ | १० | २५ |
| ३ वर्ष | २०४ | १८८ | ३९२ | १६ | १० | २७ |
| ४ वर्ष | २०७ | १८४ | ३९१ | ४ | १० | १७ |
| ५ वर्ष | १८२ | २०७ | ३८९ | २४ | १० | ४६ |
| जम्मा | १२०८ | ११२६ | २३३४ | ७८ | ७३ | १५१ |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

माथिको तालिकावाट पालिकामा ५ वर्ष मुनिका २३३४ जना वालवालिकाको जन्मदर्ता भएको देखिन्छ भने बाकी १५१ जना बालबालिकाको वालवालिकाको जन्मदर्ता नभएको देखिन्छ। सबैभन्दा धेरै जन्मदर्ता नभएका बालबालिका ५ वर्ष उमेर भएका ४६ जना रहेको देखिन्छ । दीगो विकास लक्ष्य एवम् अन्य बालबालिका सम्बन्धी राष्ट्रिय नीति लगायतका प्रावधान कार्यान्वयनका लागि सबै बालबालिकाको जन्मदर्ता सुनिश्चितताका लागि अभियान सञ्चालन गर्नु आवश्यक देखिन्छ।

### ४.३ अपाङ्गता भएका बालबालिका

संयुक्त राष्ट्र संघको बाल अधिकार सम्वन्धी महासन्धि, १९८९ को धारा २३ मा अपाङ्गता भएका बालबालिकाको अधिकार सुनिश्चित गर्नुपर्ने प्रावधान रहेको छ भने संयुक्त राष्ट्र संघका अन्य केही घोषणामा समेत अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी व्यवस्था रहेको छ। रास्कोट नगरपालिका अपाङ्गता भएका बालबालिकाको अधिकार संरक्षण प्रति संवेनशील रहँदै नीति तर्जुमा तथा विभिन्न कार्यहरू कार्यान्वयन गर्दै आएको छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालभरी कुनै न कुनै प्रकारको अपाङ्गता भएको वालबालिकाको संख्या १,२१,४९८ (१.२३ प्रतिशत) रहेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार रास्कोट नगरपालिकामा अपाङ्गता भएका वालवालिकाको जनसंख्या १४९ रहेको देखिन्छ । उमेर समूह अनुसार रास्कोट नगरपालिकामा अपाङ्गता भएका वालबलिकाको जनसंख्या तलको तालिकामा प्रस्तुत गरिएको छः



तालिकाः १६

अपाङ्गता भएका बालबालिकाको संख्या

| उमेर समूह | अपाङ्गता भएका बालबालिकाको संख्या |
|---|---|
| ० देखि ४ वर्षसम्म | १८ |
| ५ देखि ९ वर्षसम्म | ३१ |
| १० देखि १४ वर्षसम्म | ५४ |
| १५ देखि १९ वर्षसम्म | ४६ |
| कूल जम्मा | १४९ |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

माथिको तालिकामा सवैभन्दा वढी अपाङ्गता भएका बालबालिका १० देखि १४ वर्ष उमेर समूहका ५४ जना रहेको देखिन्छ । उल्लेखित उमेर समूह अनुसार १९ वर्षसम्मका बालवालिका तथा किशोरकिशोरी १४९ जना अपाङ्गता भएका देखिएकोमा १८ वर्षमुनिका वालवालिका मात्र हेर्ने हो भने पालिकामा ११० जना अपाङ्गता भएका वालवालिका देखिन्छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार अपाङ्गता भएका वालवालिकाको प्रकृति अनुसारको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिकाः१७

प्रकृति अनुसार अपाङ्ता भएका बालबालिकाको संख्याः

| क्रस | अपाङ्गताको प्रकार | उमेर समूह<br>० देखि १७ वर्षसम्म |
|---|---|---|
| १ | शारीरिक अपाङ्गता | ५० |
| २ | न्युन दृष्टियुक्त | १४ |
| ३ | पूर्ण दृष्टिविहिन | ६ |
| ४ | बहिरोपन | १० |
| ५ | सुष्तश्रवण | ५ |
| ६ | श्रवण दृष्टिविहिन | १ |
| ७ | बोलाइ | ११ |
| ८ | मानसिक तथा मनोसामाजिक | ३ |
| ९ | बौद्धिक अपाङ्गता | १ |
| १० | अनुबंशीय रक्तश्राव (हेमोफेलिया) | ० |
| ११ | अटिजम | ५ |
| १२ | बहुअपाङ्गता | ४ |
| जम्मा | | ११० |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

राष्ट्रिय जनगणना २०७८ ले पालिकामा १८ वर्षमुनिका ११० जना अपाङ्गता भएका वालवालिका रहेको देखिएकोमा रास्कोट नगरपालिकाको अभिलेखमा भने कूल ६७ जना वालवालिकाले अपाङ्गता परिचयपत्र लिएको देखिन्छ। पालिकाको अभिलेख अनुसार अपाङ्गताको प्रकार अनुसार वालवालिकाको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका -१८**

**अपाङ्गता भएका बालबालिकाको संख्याः**

| क.स. | अपाङ्गताको प्रकार | उमेर समूह |
|---|---|---|
| | | ०-१७ |
| १ | शारिरीक अपाङ्गता | २७ |
| २ | न्युन दृष्टियुक्त | १ |
| ३ | पूर्ण दृष्टिविहिन | १ |
| ४ | बहिरोपन | ३ |
| ५ | सुष्तश्रवण | २ |
| ६ | श्रवण दृष्टिविहिन | ० |
| ७ | बोलाइ | ३ |
| ८ | मानसिक तथा मनोसामाजिक | ११ |
| ९ | बौद्धिक अपाङ्गता | १२ |
| १० | अनुबंशीय रक्तश्राव (हेमोफेलिया) | ० |
| ११ | अटिजम | १ |
| १२ | बहुअपाङ्गता | ६ |
| जम्मा | | ६७ |

***स्रोतः महिला तथा बालबालिका शाखा, २०८२***

माथिको तालिकाबाट अपाङ्गता भएका बालबालिकाको संख्या सवैभन्दा धेरै शारिरीक अपाङ्गता भएका २७ जना रहेका छन् भने अनुबंशीय रक्तश्राव (हेमोफेलिया) श्रवण दृष्टिविहिन भएका वालवालिकाको संख्या ० जना रहेको छ। रास्कोट नगरपालिकामा हालसम्म कूल ६७ जना वालवालिकाले अपाङ्गता परिचयपत्र प्राप्त गरेका छन । यस पालिकामा अपाङ्गता परिचयपत्र प्राप्त गर्ने बालबालिकाको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छः-



**तालिका १९**

**पालिकबाट अपाङ्गता परिचयपत्र लिएका बालबालिकाहरुको संख्याः**

| वर्ग | बालक | बालिका | जम्मा |
|---|---|---|---|
| क | ६ | २ | ८ |
| ख | २१ | ११ | ३२ |
| ग | ३ | ३ | ६ |
| घ | ९ | १२ | २१ |
| जम्मा | **३९** | **२८** | **६७** |

***स्रोतः महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा रास्कोट नगरपालिका, २०८२***

अपाङ्गता परिचयपत्र वितरण कार्यविधि,२०७६ लाई टेकेर मापदण्ड तथा कार्यबिधिमा रहेर पालिकाले अपाङ्गता परिचयपत्र वितरण गरिरहेको छ ।

### ४.४ बालशोषणको अवस्थाः

कुनै पनि व्यक्तिको शरीर र उसको लैङ्गिगतालाई व्यक्तिगत लाभ वा फाइदाका लागि प्रयोग गर्नु नै वालशोषण हो। कानूनी आधारमा हेर्दा बालवालिकालाइ वेश्यावृत्तिमा लगाउने, आर्थिक लाभका लागि यौन क्रियाकलापमा संलग्न गराउनु, यौनशोषणका लागि वेचबिखन गर्नु वा उनीहरूलाई वन्धक बनाउनु, इन्टरनेट अनलाइनको माध्यमवाट यौनजन्य क्रियाकलाप गर्ने, अश्लील चित्रणमा वालवालिकाको दुरूपयोग गर्ने, वालवालिकालाई यौन पर्यटनमा सलग्न गराउनु वालशोषण हो। रास्कोट नगरपालिका वालशोषणको अवस्था तल विश्लेशण गरिएको छ ।

### ४.५ लागू पदार्थ दुर्व्यशनी तथा ओसारपसारः

संयुक्त राष्ट्रसंघीय वाल अधिकार महासन्धिको धारा ३३ मा राज्यले वालवालिकालाई लागू पदार्थहरुको गैरकानूनी प्रयोगबाट बचाउनुका साथै त्यस प्रकारको वस्तुको अवैध उत्पादन र विक्री वितरणमा बालबालिकाको प्रयोगलाई रोकथाम गर्नु पर्दछ भन्ने व्यवस्था छ ।

स्थानीय प्रहरी कार्यालयवाट प्राप्त तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८१/८२ मा कुनै पनि वालबालिका लागू पदार्थ दुर्व्यशनीमा संलग्न भई उजुरी नपरेको छन भने स्थानीय तहमा गरिएको अध्ययन अनुसार पालिकाभर कुनै पनि वालबालिका लागू पदार्थको सेवनमा संलग्न नभएको पाइएको छ ।प्रहरी कार्यलय एवं रास्कोट नगरपालिकाले लागु पदार्थ दुर्व्यशनी सम्वन्धी सचेतना कार्यक्रमहरु गरिरहेको र सोही सम्वन्धी यस प्रयोग र ओसारपसारको विषयलाई अध्ययन गर्दा कुनै पनि बालबालिकाले यसको प्रयोगमा संलग्न नरहेको अध्ययन गरिएको छ ।

## ४.६ बालश्रमको अवस्थाः

नेपालको संविधानको धारा ३९ को उपधारा ४ मा कुनै पनि वालवालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन वन्देज लगाएको छ। वालवालिका सम्वन्धी ऐन, २०७५ को दफा ७ को उपदफा (६) मा प्रत्येक वालवालिकालाई आर्थिक शोषण हुनवाट संरक्षण पाउने अधिकार उल्लेख गरिएको छ। उपदफा (९) ले १४ वर्षमुनिका वालवालिकालाई जोखिमपूर्ण काममा लगाउन वा घरेलु कामदार वा कमलरीको रुपमा राख्न नहुने व्यवस्था उल्लेख गरेको छ। दफा ४८ अनुसार जबरजस्ती वा वँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानून विपरीत श्रममा संलग्न भई जीवनयापन गरिरहेका वालवालिका विशेष संरक्षणको आवश्यकता भएका बालबालिका हुन्। रास्कोट नगरपालिका वालश्रम रोकथाम तथा अन्त्यका लागि पारिवारिक सहयोग, श्रमबाट बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापन सम्वन्धी कार्यहरू हुँदै आएको छ। रास्कोट नगरपालिको आर्थिक वर्ष २०८१/८२ सम्मको अध्ययन अनुसार कुनै पनि वालवालिका बालश्रममा संलग्न नरहेको वडागत विवरणवाट देखिन्छ। श्रममा संलग्न वालवालिकाको सूचना नआउने कारणले पालिकामा बालश्रमिकको उद्धार गरी व्यवस्थापन गरिएको देखिदैन।

रास्कोट नगरपालिकामा राष्ट्रिय जनगणना २०७८ अनुसार ८८३ जना वालवालिका विभिन्न किसिमका आर्थिक आयआर्जनसँग सम्बन्धित कुनै न कुनै काममा संलग्न भएको देखिन्छ। आयआजर्जका लागि विभिन्न काममा संलग्न रहेका वालबालिकाको उमेरगत संख्या तलको तालिकामा प्रस्तुत गरिएको छः

तालिका -२०

राष्ट्रिय जनगणना २०७८ अनुसार आर्थिक काममा संलग्न बालबालिकाको उमेरगत संख्या

| क्रस | उमेर समूह | बालबालिकाको संख्या |
|---|---|---|
| १ | १० देखि १२ वर्ष | ३११ |
| २ | १३ देखि १५ वर्ष | ३६५ |
| ३ | १६ देखि १७ वर्ष | २०७ |
| | जम्मा | ८८३ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*



माथिको तालिकावाट सवैभन्दा वढी आर्थिक क्रियाकलापमा संलग्न वालवालिका १३ देखि १५ वर्ष उमेर समूहका ३६५ जना रहेका छन्। कामको प्रकृति अनुसार आर्थिक काममा संलग्न वालवालिकाको संख्या तालको तालिकामा प्रस्तुत गरिएको छः-

तालिका -२१

राष्ट्रिय जनगणना २०७८ अनुसार आर्थिक काममा संलग्न बालबालिकाको संख्या

| क्रस | संलग्नताको किसिम | १० देखि १७ वर्ष मुनिका जम्मा |
|---|---|---|
| १ | व्यवस्थापकीय काम | ० |
| २ | व्यवशायिक काम | १ |
| ३ | प्राविधिक काम | २ |
| ४ | कार्यालय सहयोगी | ० |
| ५ | सेवा तथा पसल | ३ |
| ६ | घरयासी काम | ३३१ |
| ७ | निर्माण सम्वन्धी काम | १ |
| ८ | मेसिन तथा औजार सञ्चालन | ० |
| ९ | सामान्य काम | ५४४ |
| १० | काम नखुलेको | १ |
| | जम्मा | ८८३ |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

राष्ट्रिय जनगणना २०७८ अनुसार पालिकामा कूल ८८३ जना वालबालिका कुनै न कुनै काममा संलग्न रहेको देखिएको छ। जसमध्ये ८ जना वालवालिका सिकाइका लागि गरिने घरयासी काम तथा सामान्य काम बाहेक वालश्रममा संलग्न रहेको देखिन्छ। विगतको तुलनामा वालश्रममा कमी आएपनि पालिकामा वालश्रम निवारणका लागि त्यस्ता बालबालिकाको अनुगमन गरी घटना व्यवस्थापन प्रकृयामार्फत सम्बोधन गर्नुपर्ने देखिन्छ।

## ४.७ बालबालिकाको अपहरण, वेचविखन तथा ओसारपसार

वाल अधिकार सम्वन्धी महासन्धिको धारा ११, १९, ३४ र ३५ मा वालवालिका विरुद्धको गैरकानूनी ओसारपसार, यौन शोषण तथा दुर्व्यवहार लगायतका दुष्कार्यमा नियन्त्रण गर्नुपर्ने व्यवस्था छ। नेपाल सरकारले यस महासन्धि अन्तर्गतको "वालवालिकाको वेचविखन, यौनशोषण र अश्लील चित्रण सम्वन्धी इच्छाधीन आलेख, २०००" लाई सन् २००६ को जनवरी २० तारिखमा अनुमोदन

गरी बालबालिका विरुद्ध हुने कुनै पनि किसिमका यौनशोषण र दुर्व्यवहारका विषयहरू सम्बोधन गर्न संवेदनशील रहेको छ। रास्कोट नगरपालिकाले बालबालिकाको बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि समुदाय स्तरमा सचेतना, सहयोग तथा क्षमता अभिवृद्धि तालिम, अभिभावक शिक्षा, किशोरी सशक्तीकरण लगायतका कार्यक्रमहरू सञ्चालनमा रहेका छन्।

जिल्ला एवं स्थानीय प्रहरीबाट प्राप्त तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८०/८१ मा कुनै पनि बालबालिका बेचबिखन तथा ओसारपसारमा संलग्न भएको उजुरी तथा निवेदन नपरेको देखिन्छ। तथापि पालिकामा आएका घटनाहरू अध्ययन गर्दा कामको सिलसिलामा अनधिकृत रुपमा भारत जाने तथा बाबु आमाले लैजाने गरेको पाइन्छ। बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६८ अनुसारको बालबालिका विरुद्धको हिंसा र दुर्व्यवहारको अनिवार्य सूचना दिनुपर्ने व्यवस्थाको कार्यान्वयन पूर्ण रुपमा नहुँदा यस्ता घटनाहरू उजुरी प्रकृयामा नआएकोले आगामी दिनमा यसको सचेतनाका लागि समुदाय स्तरमा थप कार्यक्रम विस्तार गरी कार्यान्वयन गर्नु आवश्यक रहेको छ।

### ४.८ बालबालिका विरुद्धको हिंसा तथा दुर्व्यवहार

बाल अधिकार सम्वन्धी महासन्धिको धारा २, १९ र ३६ अनुसार बालबालिका विरुद्ध कुनै पनि विभेद, हिंसा र दुर्व्यवहार गर्न हुँदैन। नेपालको संविधान र कानूनमा कुनै पनि आधारमा कसैलाई भेदभाव गर्न र हिंसा तथा दुर्व्यवहार गर्न नहुने प्रावधानहरू रहेका छन्। नेपालको संविधानको धारा ३९ मा कुनै पनि बालबालिकालाई कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने व्यवस्था छ। बालबालिका सम्वन्धी ऐन, २०७५ को दफा ७ अनुसार प्रत्येक बालबालिकालाई निजको बाबु, आमा लगायत कुनै पनि व्यक्तिले कुनै पनि किसिमका शारीरिक वा मानसिक हिंसा र यातना, हेला, अमानवीय व्यवहार, लैङ्गिक वा छुवाछुतजस्ता दुर्व्यवहार र शोषणविरुद्ध संरक्षण प्राप्त गर्ने अधिकार हुन्छ। दफा ६६ मा बालब४लिका विरुद्धका हिंसाहरू परिभाषित गरी बालबालिका विरुद्धको कसूर मानेको छ।

### ४.९ बालबालिका विरुद्धको हिंसा:

जिल्ला प्रहरी कार्यालय एवं प्रहरी चौकी रास्कोट तथा नगरपालिका स्थित बालबालिका शाखावाट बालविवाहको अध्ययन अनुसार तथ्यांक हेर्दा जातीय छुवाछुत, घरेलु हिंसावाट र बहुविवाहमा खासै उजुरी नभए पनि वालविवाह बाट बालबालिका प्रभावित रहेका अध्ययनले जनाएको छ। यद्यपी वि जानकारीमा आएका घटनाहरु हुन भने यस वाहेक जानकारीमा नआएका थुप्रै घरेलु हिंसा र वालविवाह घटनाहरु रहको पाइन्छ। जसमा विभिन्न स्रोतवाट प्राप्त तथ्याङ्क अनुसारको वालविवाह घटनाबाट ३ जना वालबालिका बालविवाहमा पीडित भएको देखिन्छ। पीडित बालबालिकाको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ।



**तालिका -२२**

**बालबालिका विरुद्धको हिंसाबाट पीडित बालबालिकाको संख्या:**

| क्रस | शीर्षक | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| १ | जातिय छुवाछुत | ० | ० | ० |
| २ | घरेलु हिंसा | ० | ० | ० |
| ३ | वालविवाह | ३ | ३ | ६ |
| ४ | वहुविवाह | ० | ० | ० |
| ५ | वालवालिकाको हत्या | ० | ० | ० |
| जम्मा | | | | ६ |

*स्रोत: प्रहरी चौकी रास्कोट, रास्कोट नगरपालिका, २०८२*

उजुरीको रुपमा वालविवाह र घरेलु हिंसाका घटना दर्ता गराउने कार्य नभए पनि फोन मार्फत एवं अन्य माध्यवाट प्रहरी चौकीमा पछिल्लो अवस्थामा जानकारीमा आएका घटनाहरुको संख्या ६ रहेको छ। बालविवाहको घटना कानून वमोजिम दण्डनीय हो र यसको सूचना दिनु सबैको कानूनी दायीत्व हो भन्ने विषयमा समुदायस्तरमा अझै व्यापक सचेतनाको आवश्यकता रहेको देखिन्छ।

### ४.१० बालबालिका विरुद्धको अनलाइन हिंसा:

वालवालिका विरुद्ध हुने अनलाइन दुर्व्यवहार सम्बन्धी विषय समेत सम्वोधन गर्ने गरी साइबर अपराध लक्षित विद्युतीय कारोबार ऐन, २०६३ कार्यान्वयनमा रहेको छ। नेपाल दूरसञ्चार प्राधिकरणले अनलाइन वाल सुरक्षा निर्देशिका, २०७६ कार्यान्वयनमा ल्याएको छ। रास्कोट नगरपालिका अनलाइन हिंसावाट पीडित तथा प्रभावित नरहेको जानकारी जिल्ला प्रहरी कार्यालय, कालिकोटवाट प्राप्त भएको छ।

रास्कोट नगरपालिकावाट वालवालिका अनलाइन दुर्व्यवहार परेको उजुरी जिल्ला प्रहरी कार्यालय एवं प्रहरी चौकीमा नपरे पनि अनलाइन दुर्व्यवहार नै नभएको भने होइन। सामाजिक रुपमा अनलाइन दुर्व्यवहार हुने गरेको तर उजुरी गर्दा इज्जत प्रतिष्ठामा आच आउने पुरातन वुझाइ रहेको हुदाँ निवेदन दिने गरेको पाइदैन।

### ४.११ यौनहिंसा र दुर्व्यवहार:

नेपालको संविधानको धारा ३९ मा कुनै पनि वालवालिकालाई कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने व्यवस्था छ। वालवालिका सम्वन्धी ऐन, २०७५ अनुसार प्रत्येक वालवालिकालाई यौनजन्य दुर्व्यवहार र शोषणविरुद्ध संरक्षण प्राप्त गर्ने अधिकार हुन्छ। ऐनको दफा ६६ मा बालबालिका विरुद्धको

यौनहिंसा र दुर्व्यवहारका विभिन्न व्यवहारहरु परिभापित गरी यस्ता दुर्व्यवहारहरु वालवालिका विरुद्धको कसूर मानिने व्यवस्था छ ।

जिल्ला प्रहरी कार्यालय कालिकोटको तथ्याङ्क अनुसार रास्कोट नगरपालिकामा हालसम्ममा बालबालिका विरुद्धको यौन हिंसा तथा दुर्व्यवहारवाट वालवालिका पीडित भएको उजुरी दर्ता भएको छैन । बालबालिका विरुद्धको यौन हिंसा तथा दुर्व्यवहार सम्वन्धी मुद्दा संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका-२३**

**बालबालिका विरुद्धको हिंसा तथा दुर्व्यवहारबाट पीडित बालबालिकाको संख्या:**

| क्रस | शिर्षक | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| १ | जवरजस्ती करणी | ० | ० | |
| २ | जवरजस्ती करणी उद्योग | ० | ० | |
| ३ | बाल यौन दुरुपयोग | ० | ० | |
| जम्मा | | ० | ० | |

*स्रोतः जिल्ला प्रहरी कार्यालय, कालिकोट, २०८२*

रास्कोट नगरपालिकामा गम्भिर प्रकारका वालअधिकार हनन हुने गरि वयस्क मानिसवाट यौनजन्य दुर्व्यवहारका घटनाहरु पछिल्लो अवस्था सम्म आएको छैन। यस मुख्य कारण भनेको कानुनी सजाय र यसको प्रभावकारी सचेतना रहेको छ। यौनजन्य दुर्व्यवहार र कानुनी परिभाषालाई अध्ययन गर्दा १८ वर्षको उमेरमा एकाध बालिका २ सन्तानको आमा हुनु बालयौन दुर्व्यवहार होइन भनेर नकार्न सकिदैन ।

## ४.१२ बालविवाह

नेपालको संविधानको धारा ३९ को उपधारा (५) मा बालविवाह गर्न गराउन नपाइने व्यवस्था उल्लेख भएको छ।मुलुकी देवानी संहिता ऐन २०७४ र मुलुकी अपराध संहिता ऐन २०७४ मा २० वर्ष उमेर नपुगी गरिएको विवाहलाई बालविवाहको रुपमा परिभाषित गरेको छ भने २० वर्ष नपुगी गरिएका विवाह स्वतः बदर हुने कानुनी व्यवस्था छ। बालबालिका सम्वन्धी ऐन २०७५ को दफा ४८ ले बालविवाह जस्ता कसूरबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको रुपमा लिएको छ। वालविवाह विरुद्धको राष्ट्रिय रणनीति, २०७२ ले सन् २०३० सम्म वालविवाह अन्त्य गर्ने लक्ष्य लिएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार कर्णाली प्रदेशमा वालविवाहको प्रतिशत करिब २९ प्रतिशत रहेको देखिन्छ। यसैगरी रास्कोट नगरपालिकाले **२०८१ मंसिर देखि २०८२ मंसिर सम्ममा** गरेको



तथ्याङ्क संकलनको आधारमा रास्कोट नगरपालिकाको वालविवाहको अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छः

**तालिका -२४**

**रास्कोट नगरपालिका बालविवाहको अवस्था**

| वडा नम्वर | १८ बर्ष मुनि | प्रतिशत % | १८ देखि १९ बर्ष | प्रतिशत % | जम्मा बालविवाह | प्रतिशत % | २० बर्ष माथि | प्रतिशत % | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| वडा न १ | ८ | २२% | | ०% | ८ | २२% | २९ | ७८% | ३७ |
| वडा न २ | ३ | ३३% | | ०% | ३ | ३३% | ६ | ६७% | ९ |
| वडा न ३ | ३ | १६% | २ | ११% | ५ | २६% | १४ | ७४% | १९ |
| वडा न ४ | ३ | २०% | | ०% | ३ | २०% | १२ | ८०% | १५ |
| वडा न ५ | ७ | ३९% | १ | ६% | ८ | ४४% | १० | ५६% | १८ |
| वडा न ६ | १ | १३% | २ | २५% | ३ | ३८% | ५ | ६३% | ८ |
| वडा न ७ | १ | १७% | १ | १७% | २ | ३३% | ४ | ६७% | ६ |
| वडा न ८ | १ | ५% | २ | ११% | ३ | १६% | १६ | ८४% | १९ |
| वडा न ९ | १० | ४८% | १० | ४८% | २० | ९५% | १ | ५% | २१ |
| जम्मा | **३७** | २४% | **१८** | १२% | **५५** | ३६% | **९७** | ६४% | **१५२** |

*स्रोतः महिला बालबालिका तथा ज्येष्ठनागरिक शाखा, २०८२*

रास्कोट नगरपालिकामा विगतको तुलनामा वालविवाह घट्दो अवस्थामा रहको देखिएता पनि एक वर्षमा ५५ जना वालबालिकाको विवाह हुनु स्वाभाविक हुन सक्दैन। रास्कोट नगरपालिकाले वालविवाह सम्वन्धी विवरण सङ्कलनको लागि गरेका अध्ययनले तुलनात्मक रुपमा वालविवाह घटेको देखिन्छ। वालविवाह सामाजिक तथा कानुनी रुपमा अपराधको रुपमा मान्दा पनि अभिभावकहरूले आफ्ना बालबालिकाहरूलाई उचित ढङ्गले गाइड गर्न नसक्नुले वालविवाहमा सोचे जस्तो कमी आउन सकिरहेको छैन।

विगत ३ बर्षको बालविवाहको दर




रास्कोट नगरपालिकाले बालविवाह अन्त्य गर्न विभिन्न प्रयासहरू गरेको र सोही मध्ये विगतका वर्षहरूमा विवाह मण्डपबाट बालविवाह गर्नेलाई पक्राउ गरी सामाजिक तथा सांस्कृतिक अभियान अगाडि बढाएको थियो भने हाल आएर सामाजिक सचेतिकरणका कार्यक्रमहरू जोडतोडले अगाडि बढाई रहेको छ ।रास्कोट नगरपालिका विगतको तुलनामा बालविवाह गर्नेको सङ्ख्यामा कमी आएपनि अझै बालविवाह रहेको छ। यसलाई न्युनिकरण गर्नका लागि नगरपालिकाले विभिन्न जनचेतनामुलक तथा सचेतनामुलक कार्यक्रमहरु टोल वस्तीहरुमा गरिरहेको छ ।हालसम्म रास्कोट नगरपालिकाका बालविवाह मुक्त वडा घोषणा भएका २ वटा वडाहरु तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिकाः २५

बालविवाहमुक्त वडाको विवरण

| क्र स | वडा | घोषणा मिति |
|---|---|---|
| १ | वडा नं ४ | २०८१/१/२४ |
| २ | वडा नं ९ | २०८०/८१/२५ |



**४.१३ कानूनी विवादमा परेका बालबालिकाः**

संविधानले प्रत्येक वालबालिकालाई बाल अनुकूल न्यायको हक सुनिश्चित गरेको छ। वालबालिका सम्वन्धी ऐन, २०७५ को दफा ३० मा वालबालिकाले गरेको कसूरजन्य कार्यको कारवाही गर्न नेपाल सरकारले आवश्यक संख्यामा वाल अदालत गठन गर्न सक्ने व्यवस्था छ। कानूनी व्यवस्था वमोजिम कानूनी विवादमा परेका वालवालिकाको न्याय सम्पादनसँग सम्वन्धित विभिन्न निकायहरुबिच समन्वय गर्न दफा ४६ वमोजिम सर्वोच्च अदालतका न्यायाधीशको अध्यक्षतामा केन्द्रीय वालन्याय समिति र दफा ४७ वमोजिम हरेक जिल्लामा जिल्ला न्यायाधीशको अध्यक्षतामा जिल्ला बालन्याय समितिको व्यवस्था भएको छ। ७७ वटै जिल्लाका जिल्ला अदालतमा वाल इजलासवाट वालन्याय सम्वन्धी कार्य सम्पादन भइरहेको छ। वाल विज्याँइका कारण कानूनको विवादमा परेका वालवालिकालाई अदालतको निर्णयानुसार तोकिएको समयावधिमा वाल सुधार गृहमा राख्ने गरिएको छ।

**४.१४ विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाः**

रास्कोट नगरपालिकाले जोखिममा रहेका वालवालिकाको विवरण संकलन गर्दा जोखिममा रहेका १२७ जना वालवालिकाहरु रहेका छन। ति वालवालिकाहरु मध्ये आमा वा बुवा दुवै गुमाएका आमा वा बुवा मध्ये एकको मृत्यु भई संरक्षणको समस्यामा रहेको पाइन्छ। जसका लागि रास्कोट नगरपालिकाले शैक्षिक सहायता कार्यक्रम देखि लिएर बालबालिकाको क्षेत्रमा काम गर्ने विभिन्न विकास साझेदारहरुसँग सहकार्यमा शैक्षिक तथा आयआर्जन सहायता प्राप्त गर्ने गरि व्यवस्था नगरपालिकाले गरेको छ।

**४.१५ अनाथ बालबालिकाः**

संयुक्त राष्ट्र संघको वाल अधिकार सम्वन्धी महासन्धि, १९८९ को धारा २० मा अनाथ वालवालिकाको संरक्षण हुने व्यवस्था गर्नु राज्यको दायित्व हुने व्यवस्था छ। नेपालको संविधान, वालवालिका सम्वन्धी ऐन, २०७५ एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार पनि आमाबाबु दुवैविहीन एवम् आमाबाबु दुवै वा कुनै एक जीवित हुँदाहुँदै पनि शारीरिक वा मानसिक कारणले आफ्ना वालवालिकाको लालनपालन गर्न असमर्थ भएका परिवारका बालबालिकालाई राज्य संयन्त्रबाट लालनपालन तथा संरक्षणको जिम्मेवारी रहने स्पष्ट देखिन्छ। रास्कोट नगरपालिकाले अनाथ वालबालिकाको संरक्षण तथा व्यवस्थापनका लागि विभिन्न किसिमका कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ।पालिका भित्रका बुबा तथा आमा दुवै गुमाएका अनाथ बालबालिकाको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

तालिका -२६

रास्कोट नगरपालिका अनाथ बालबालिकाको संख्या:

| वडा | बालक | बालिका | जम्मा |
|---|---|---|---|
| वडा नं १ | २ | ० | २ |
| वडा नं २ | ० | ० | ० |
| वडा नं ३ | ० | ० | ० |
| वडा नं ४ | ५ | १ | ६ |
| वडा नं ५ | ४ | २ | ६ |
| वडा नं ६ | १ | ० | १ |
| वडा नं ७ | ० | ० | ० |
| वडा नं ८ | ६ | ३ | ९ |
| वडा नं ९ | ० | ० | ० |
| जम्मा | १८ | ६ | २४ |

*स्रोतः महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा, २०८२*

रास्कोट नगरपालिकामा आमाबुवा दुवै गुमाएका १८ वर्ष भन्दामुनी वालवालिका २४ जना रहेका छन जसमध्ये बालक १८ जना र बालिका ६ जना रहेका छन । यस्ता वालवालिकाकाहरुलाई विशेष संरक्षण गर्नु आवश्यक छ ।

### ४.१६ बालबालिकाको बसाइको अवस्था

विभिन्न कारणले आफ्नो पारिवारिक हेरचाहबाट वञ्चित वा जोखिम वा अप्ठ्यारो अवस्थामा परेका बालबालिकालाई आफ्नै परिवार बाहेक अन्य परिवार वा आवासीय संस्थामा कानून बमोजिम पालनपोषण, शिक्षादीक्षा लगायतको आवश्यक हेरचाहको व्यवस्था नै वैकल्पिक स्याहार हो। संयुक्त राष्ट्र सङ्घको बाल अधिकार सम्वन्धी महासन्धि, १९८९ को धारा १८ मा वावु आमा तथा अभिभावकले बालबालिकाको उचित स्याहार गर्न असमर्थ भएमा सरकारले वालबालिकाको स्याहारमा सहयोग गर्नु पर्ने, धारा २० मा अनाथ बालबालिकाको संरक्षण हुने व्यवस्था गर्नु राज्यको दायित्व हुने व्यवस्था छ। वालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४९ ले दफा ४८ मा उल्लेख भएका विशेष संरक्षणको आवश्यकता भएका बालबालिका मध्ये (क) देखि (छ) सम्मका बालबालिकालाई वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका मानेको छ। राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपाल भरिका कूल ९८,६९,५८३ वालवालिकामध्ये सवैभन्दा धेरै ७७.९ प्रतिशत बालबालिका आमाबाबु दुबैसँग बस्ने गरेका छन् भने आमासँग मात्र बस्ने १७.१



प्रतिशत, वावुसँगमात्र वस्ने एक प्रतिशत र अन्य नातेदारसँग बस्ने बालबालिका ३ प्रतिशत रहेको देखिएको छ। रास्कोट नगरपालिकाको मात्र बालवालिकाको वसाइको अवस्था हेर्ने हो भने कूल ५ हजार ७ सय १० जना वालवालिकामध्ये ८९.७४ प्रतिशत वालवालिका आमावावु दुवैसँग बस्ने गरेका छन् भने आमासँग मात्र वस्ने ६.१७ प्रतिशत, वावुसँगमात्र वस्ने ०.८९ प्रतिशत र अन्य नातेदारसँग वस्ने वालवालिका २.२५ प्रतिशत रहेको छ। राष्ट्रिय जनगणना अनुसारको वालवालिकाको वसाइको अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ:

तालिका — २७

बालबालिकाको बसाइको अवस्था

| बालबालिकाको बसाइको अवस्था | बालबालिका |
|---|---|
| आमाबाबु दुवै संग | ५१२४ |
| आमासँग मात्रै | ३५२ |
| बुवासँग मात्रै | ५१ |
| बुवा र सौतेनी आमासँग | ३६ |
| आमा र सौतेनी बुवासँग | ११ |
| अन्य नातेदारसँग | १२८ |
| रोजगारदातासँग | २ |
| अन्य | ६ |
| जम्मा बालबालिका संख्या | ५७१० |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

### ४.१७ घरमुली बालबालिका

रास्कोट नगरपालिका अनाथ एवम् अभिभावक नभएका कारण वालवालिका आफै घरमुली भई जीवनयापन गरिरहेका छन्। राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकामा आफै घरमुली भएका वालवालिकाको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ:

तालिका -२८

रास्कोट नगरपालिकामा घरमुली बालबालिको अवस्था

| क्रस | उमेर समुह | वालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| १ | १०-१४ | २ | २ | ४ |
| २ | १५-१९ | २३ | १२ | ३५ |
| | जम्मा | २५ | १४ | ३९ |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

माथिको तालिकाबाट पालिकामा २५ जना बालक र १४ जना बालिका आफै घरमुलिको रुपमा रहेको देखिन्छ । यस्ता बालबालिका अन्य भन्दा बढी जोखिममा पर्ने हुँदा स्थानीय तहको योजना तथा कार्यक्रमले प्राथमिकताका साथ यी बालबालिकाको समस्या पहिचान गरी आवश्यक सेवा प्रदान गर्नु आवश्यक रहेको छ ।

### ४.१८ बालगृहमा पठाईएका बालबालिका:

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४९ मा बालबालिकाको वैकल्पिक हेरचाह सम्बन्धी व्यवस्था रहेको छ । जसमा वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकालाई सो सम्बन्धी सेवा प्रदान गर्दा पहिलो प्राथमिकतामा बाबु वा आमातर्फका नातेदारको संरक्षण गर्नुपर्ने व्यवस्था रहेको छ भने दोस्रो विकल्पमा बालबालिकालाई हेरचाह गर्न इच्छुक परिवार वा व्यक्तिकोमा संरक्षण गर्नुपर्ने व्यवस्था रहेको छ । राष्ट्रिय जनगणनाबाट देखिएको २१० जना बालबालिका वैकल्पिक हेरचाहमा रहेका बालबालिकाको रुपमा देखिन्छ । तथापी, कानूनी व्यवस्था भएता पनि स्थानीय तहमार्फत वैकल्पिक हेरचाहको प्रवन्ध गर्दाको प्रकृया पूर्णतः कार्यान्वयन भएको सकेको छैन । पालिकाले यसमा कार्य गरिरहेको छ । विशेष संरक्षणको आवश्यकता भएका र जोखिममा भएका १८ जना बालबालिकालाई बालगृह तथा संस्थागत वैकल्पिक स्याहारमा संरक्षण गरेको छ ।

### ४.१९ पारिवारिक सहायता र सामाजिक सुरक्षा:

राज्यबाट संरक्षण सहयोग पाउनुपर्ने नागरिकहरूका लागि राज्यबाट सामाजिक सुरक्षाको व्यवस्थाका लागि संवैधानिक, कानूनी, नीतिगत तथा कार्यक्रमिक व्यवस्था रहेको छ । नेपालको संविधानको धारा ४३ मा आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हकको व्यवस्था छ । सामाजिक सुरक्षा कार्यक्रमका लागि विशिष्टीकृत ऐनको रुपमा सामाजिक सुरक्षा ऐन, २०७५ कार्यान्वयनमा छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ को उपदफा (४) मा अपाङ्गता भएका, द्वन्द्वपीडितको, विस्थापित, जोखिममा परेका वा सडकमा बस्ने बालबालिकालाई विशेष संरक्षणको व्यवस्था छ । अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५ मा अपाङ्गता भएका व्यक्तिलाई सामाजिक सुरक्षाको व्यवस्था छ । रास्कोट नगरपालिकामा सामाजिक सुरक्षाबाट २३७६ जना बालबालिका लाभान्वित भएका छन् । अपाङ्गता भएका बालबालिकाको सामाजिक सुरक्षा तथा पालपोषण भत्ताबाट लाभान्वित बालबालिकाको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।



तालिका -२९

सामाजिक सुरक्षाबाट लाभान्वित बालबालिकाको संख्या:

| समूह | मासिक रु | लाभान्वित संख्या |
|---|---|---|
| पूर्ण अशक्त अपाङ्गता | ३९९० | ८ |
| अति अशक्त अपाङ्गता | २१२८ | ३२ |
| क्षेत्र तोकीएको बालबालिका | ५३२ | १५७० |
| दलित बालबालिका | ५३२ | ७६६ |
| जम्मा बालबालिका संख्या | | २३७६ |

स्रोत: सामाजिक सुरक्षा तथा *पञ्जिकरण शाखा, चौथो किस्ता२०८*

## परिच्छेद — ५
## बालबालिकाको शिक्षा तथा विकास सम्बन्धी अधिकार

### ५.१ पृष्ठभूमी

यस परिच्छेदमा रास्कोट नगरपालिका बालवालिकाको शिक्षा तथा विकास सम्वन्धी अधिकारको कार्यान्वयनको स्थितिको बारेमा चर्चा गरिएको छ । संयुक्त राष्ट्र संघीय वाल अधिकार महासन्धिको धारा २८ को व्यवस्था अनुसार नेपालमा बालबालिकाको शिक्षाको अधिकार, अनिवार्य र निःशुल्क शिक्षा, बालवालिकाको साधारण र व्यवसायिक शिक्षा तथा माध्यमिक शिक्षा लगायतका व्यवस्थाहरूका कार्यान्वयनको स्थिति प्रस्तुत गरिएको छ । यसैगरी दिगो विकास लक्ष्यको लक्ष्य नं. ४ मा व्यवस्था भएको सबैका लागि समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चितताको अवस्था, निशुल्क, न्यायोचित तथा गुणात्मक प्राथमिक र माध्यमिक शिक्षाको सुनिश्चितता, प्रारम्भिक वालविकास, हेरचाह र पूर्वप्राथमिक शिक्षामा पहुँच, शिक्षामा लैङ्गिक समानताको अवस्था लगायतका विषयहरूको अवस्था चित्रण गरिएको छ । संयुक्त राष्ट्र संघीय वाल अधिकार महासन्धी तथा दिगो विकास लक्ष्यमा उल्लेख भएका व्यवस्थाको सम्बन्धमा रास्कोट नगरपालिका भित्र प्रारम्भिक वाल विकास केन्द्रमा रहेका बालबालिका, विद्यालय संख्या, शिक्षक तथा विद्यार्थी संख्या तथा अनुपात, प्राथमिक, माध्यामिक तहमा बालबालिकाको भर्नादर, विद्यालय शिक्षामा समावेशिता, टिकाउदर, विपेश विद्यालयमा अध्ययनरत बालबालिका र अनौपचारिक शिक्षा प्रणालीमा संलग्न वालवालिका सम्वन्धी विवरण यस परिच्छेदमा प्रस्तुत गरिएको छ।

### ५.२ प्रारम्भिक बाल विकास केन्द्र र बालबालिका

रास्कोट नगरपालिका विगत तीन शैक्षिक सत्रमा (२०८२) मा वाल विकास केन्द्र तथा पूर्व प्राथमिक कक्षाहरुको कूल संख्या ३९ रहेको छ। शैक्षिक सत्र २०८२ मा विद्यालयमा आधारित २९ वटा रहेका छन। शैक्षिक सत्र २०८० देखि २०८२ सम्म तीन वर्षको समुदायमा आधारित र संस्थागत विद्यालयमा आधारित प्रारम्भिक बाल विकास केन्द्रको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका-३०**

**विगत तीन वर्षको प्रारम्भिक बालविकास केन्द्रको संख्या**

| बालविकास केन्द्रको प्रकार | शैक्षिक सत्र २०८० | शैक्षिक सत्र २०८१ | शैक्षिक सत्र २०८२ |
|---|---|---|---|
| समुदायमा आधारित | १२ | १२ | १० |
| विधलयमा आधारित | २८ | २८ | २९ |
| संस्थागत विद्यालयमा आधारित | ४ | ४ | ४ |
| कूल जम्मा | ४४ | ४४ | ४३ |



*स्रोतः शिक्षा युवा तथा खेलकुद शाखा, २०८२*

रास्कोट नगरपालिकामा शैक्षिक सत्र २०८० देखि २०८२ सम्म प्रारम्भिक वालविकास केन्द्रहरुको संख्या घटवढ भएको देखा परेको छ। पालिकामा सवैभन्दा धेरै विद्यालयमा आधारित ६७.४५ प्रतिशत प्रारम्भिक वालविकास केन्द्रहरु रहेका छन्। प्रत्येक प्रारम्भिक वाल विकास केन्द्रमा वाल शिक्षक मार्फत सहजीकरण एवम् शिक्षण सिकाइ गर्ने गरिएको छ।समुदाय स्तरका प्रारम्भिक वाल विकास केन्द्रमा रहेका वाल शिक्षकहरुको विवरण ***अनुसूची-३*** मा राखिएको छ।

पालिकामा शैक्षिक सत्र २०८२ मा अघिल्लो शैक्षिक सत्रको तुलनामा ११ जना वालवालिका घटेको देखिन्छ भने भर्नादर १२६ प्रतिशत पुगेको देखिन्छ।रास्कोट नगरपालिका शैक्षिक सत्र २०८० देखि २०८२ सम्म प्रारम्भिक बालविकास केन्द्र, वालवालिकाको संख्या, भर्नादर तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका – ३१**

**प्रारम्भिक बालविकास केन्द्रमा बालबालिकाको संख्या**

| शैक्षिक सत्र | विद्यार्थि संख्या |
|---|---|
| २०८० | ९५६ |
| २०८१ | १०३९ |
| २०८२ | १०५० |

*स्रोतः शिक्षा युवा तथा खेलकुद शाखा, २०८२*

। शैक्षिक सत्र २०८० देखि २०८२ सालसम्मको दलित र जनजाति र अपाङ्गता भएका समूहका वालबालिकाको संख्या तलको तालिकामा दिइएको छ।

**तालिका-३२**

**प्रारम्भिक बालविकास केन्द्रमा दलित, जनजाति र अपाङ्गता भएका बालबालिकाको संख्याः**

| शैक्षिक सत्र | दलित बालबालिका | जनजाती बालबालिका | अपाङ्गताभएका बालबालिका |
|---|---|---|---|
| २०८० | ४५८ | २ | २ |
| २०८१ | ४८२ | २ | १ |
| २०८२ | ४७८ | २ | ३ |

*स्रोतः शिक्षा युवा तथा खेलकुद शाखा, २०८२*

रास्कोट नगरपालिकाको बालवाविकास केन्द्रहरुमा जातीय हिसावले दलित, जनजाती, व्राहमण क्षेत्री लगायतका सवै जातीको प्रतिनिधित्व रहेको र बालविकास केन्द्रमा ४ वर्ष सम्मका वालवालिकाको प्रायः वालविकास केन्द्र भर्ना हुने गरेको देखिन्छ।

### ५.३ विद्यालय, विद्यार्थी, शिक्षक र भर्नादरः

रास्कोट नगरपालिकाको शिक्षा शाखाको प्रतिवेदन अनुसार शैक्षिक सत्र २०८१ मा पालिकामा ३२ वटा विद्यालयहरु सञ्चालनमा रहेका थिए भने शैक्षिक सत्र २०८२ मा कूल विद्यालय संख्या ३३ रहेको छ । जसमध्ये ८८ प्रतिशत सामुदायिक विद्यालय रहेका छन् । शैक्षिक सत्र २०८२ सालमा रास्कोट नगरपालिका सञ्चालनमा रहेका विद्यालय संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका-३३

विद्यालयको तह र किसिम अनुसारको विद्यालय संख्याः

| विद्यालय तह | सामुदायीक | संस्थागत | जम्मा |
|---|---|---|---|
| आधारभुत तह (कक्षा १-८) | २५ | ४ | २९ |
| माध्यामिक तह (कक्षा ९-१२) | ४ | - | ४ |
| जम्मा | | | ३३ |

*स्रोतः शिक्षा यूवा तथा खेलकुद शाखा, २०८२*

रास्कोट नगरपालिकामा २०८२ मा सामुदायिक र संस्थागत गरि जम्मा विद्यालयहरु ३३ वटा रहेका छन । जसमध्ये सामुदायिक विद्यालय २९ वटामा पालिकाले शैक्षिक रुपान्तरणको कुरालाई जोड गर्दै गत शैक्षिक वर्षमा सामुदायिक विद्यालय संख्या ३१ वटा रहेकोमा विद्यालयको तह घटुवा एवं मर्ज गरेको हुदाँ २ वटा विद्यालय संख्यामा कमी आएको हो । रास्कोट नगरपालिकामा विद्यालय शिक्षामा रहेका विद्यार्थी संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका-३४

विद्यालय शिक्षामा विद्यार्थी संख्या

| विद्यालय तह | बालक | बालिका | जम्मा | बालक/बालिका अनुपात |
|---|---|---|---|---|
| आधारभूत तह (कक्षा १-८) | १८८६ | २२८१ | ४१६७ | ८२.६९% |
| माध्यामिक तह (कक्षा ९-१२) | ५७३ | ६३१ | ११९४ | ९२.२८% |
| कूल जम्मा | २४५९ | २९१२ | ५३६१ | ८४.४५ % |

*स्रोतः शिक्षा यूवा तथा खेलकुद शाखा, २०८२*

पालिका स्थित शिक्षा शाखाबाट प्राप्त तथ्याङ्क अनुसार पछिल्लो वर्षहरुमा बालिकाको संख्यामा केही वृद्धि भएको देखिन्छ । रास्कोट नगरपालिकाको शैक्षिक सत्र २०८२ मा आधारभूत तहदेखि कक्षा १२ कक्षा सम्म भर्ना भएका बालबालिकाको संख्या ५३६१ रहेको र जस मध्ये बालक ४५.७७ प्रतिशत र बालिकां ५४.२३ प्रतिशत रहेको छ । यसले विद्यालय शिक्षामा बालिकाको सहभागिता



बालकको तुलनामा बढि रहेको स्पष्ट गर्दछ । प्रारम्भिक बाल विकास केन्द्र देखि कक्षा १२ सम्मको बालबालिका संख्या ***अनुसूची-५*** मा प्रस्तुत गरिएको छ ।

पालिकामा शैक्षिक सत्र २०८१ मा आधारभूत तह कक्षा १-५ को खुद भर्नादर ९७.४ प्रतिशत, आधारभूत तह कक्षा १-८ को ९५.६ प्रतिशत र माध्यमिक तह कक्षा ९-१२ को ६२.२ प्रतिशत रहेको देखिन्छ । शैक्षिक सत्र २०८१ र २०८२ को विद्यालयको तह अनुसार खुद भर्नादरको तुलनात्मक अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका-३५

विद्यालय तह अनुसार खुद भर्नादर

| विद्यालय तह | खुद भर्नादर २०८१ | खुद भर्नादर २०८२ |
|---|---|---|
| | जम्मा | जम्मा |
| आधारभूत तह (कक्षा १-५) | ९७.४% | ९८.९२% |
| आधारभूत तह (कक्षा १-८) | ९५.६% | ९२.७९% |
| माध्यामिक तह (कक्षा ९-१२) | ६२.२% | ७१.२५% |

*स्रोतः शिक्षा यूवा तथा खेलकुद शाखा, २०८२*

